वर्ष : १४, अंक : २३, काठमाडौं, २०७५ असोज ५ गते शुक्रबार 21 September 2018, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित — www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००।- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-४२६६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse @gmail.com

## तथ्यांक आफै बोल्छ...

### संविधान दिवसमा विभूषित

| क्र.सं. | मानपदवी/अलङ्कार/पदक | मधेशी | गैरमधेशी |
|---|---|---|---|
| १. | नेपाल रत्न | ० | १ |
| २. | महाउज्ज्वल राष्ट्रदीप (प्रथम श्रेणी) | १ | ३ |
| ३. | सुप्रसिद्ध प्रवल जनसेवा श्री (प्रथम श्रेणी) | १ | ० |
| ४. | उज्ज्वल कीर्तिमय राष्ट्रदीप (द्वितीय श्रेणी) | ० | २ |
| ५. | सुकीर्तिमय राष्ट्रदीप (तृतिय श्रेणी) | ० | ३ |
| ६. | सुप्रवल जनसेवा श्री (तृतिय श्रेणी) | ८ | ८८ |
| ७. | कीर्तिमय राष्ट्रदीप (चतुर्थ श्रेणी) | ० | १ |
| ८. | प्रवल जनसेवा श्री (चतुर्थ श्रेणी) | १० | १५२ |
| ९. | जनसेवा श्री (पञ्चम श्रेणी) | ९ | ६५ |
| | अलङ्कार | | |
| १. | परम पौरख भाष्कर (नेपाली सेनाले मात्र प्राप्त गर्ने) | ० | ६ |
| २. | नेपाल प्रताप सुभूषण (नेपाली सेना बाहेक अन्य सुरक्षाकर्मीले मात्र प्राप्त गर्ने) | ० | २४ |
| ३. | अति पौरख भाष्कर (नेपाली सेनाले मात्र प्राप्त गर्ने) | ० | १२ |
| ४. | नेपाल प्रताप आभूषण (नेपाली सेना बाहेक अन्य सुरक्षाकर्मीले मात्र प्राप्त गर्ने) | १ | १३ |
| ५. | समाज सेवा रत्न | ० | १३ |
| ६. | महा पौरख भाष्कर (नेपाली सेनाले मात्र प्राप्त गर्ने) | ० | १२ |
| ७. | नेपाल प्रताप भूषण (नेपाली सेना बाहेक अन्य सुरक्षाकर्मीले मात्र प्राप्त गर्ने) | २ | ४ |
| | पदक | | |
| १. | राष्ट्रसेवा पदक | ० | १ |
| २. | सगरमाथा पदक | ० | २ |
| ३. | सुकीर्ति पदक | ० | ३५ |
| ४. | वीरता पदक | ० | १७ |
| ५. | शौर्य पदक | ० | ६ |
| ६. | प्राकृतिक प्रकोप पीडितोद्धार पदक | ० | २३ |
| ७. | विकास रत्न पदक | ० | ३ |

## मधेशवादका प्रणेतालाई 'महाउज्ज्वल राष्ट्रदीप'



स्व. गजेन्द्र नारायण सिंह

काठमाडौं । मधेशमा केही राजनीतिक दलले संविधान दिवसलाई कालो दिवसको रूपमा मनाइरहँदा नेपाल सरकारले मधेशवादका प्रणेता तथा नेपाल सद्भावना पार्टीका संस्थापक स्व. गजेन्द्र नारायण सिंहलाई विभूषित गरेको छ । स्व. सिंहलाई मरणोपरान्त महाउज्ज्वल राष्ट्रदीप (प्रथम श्रेणी)बाट राष्ट्रपति विद्यादेवी भण्डारीद्वारा संविधान दिवसको अवसरमा विभूषित गरिएको हो । यसैगरी, संविधान दिवसको अवसरमा सुप्रसिद्ध प्रवल जनसेवा श्री (प्रथम श्रेणी)बाट सर्वोच्च अदालतका प्रधानन्यायाधीश ओमप्रकाश मिश्रलाई विभूषित गरिनेछ । संविधान दिवसको अवसरमा नेपाल सरकारले राष्ट्रपतिद्वारा मानपदवी, अलङ्कार र पदकबाट चार सय २१ जनालाई गरिने विभूषितमा मधेशी समुदायका जम्मा ३२ जना छन् भने गैरमधेशी समुदायका तीन सय ८९ छन् ।

## 'मधेशले अलग राष्ट्रको माग गर्न सक्छ'



वीरगञ्ज । राष्ट्रिय जनता पार्टी नेपालका संयोजक महन्थ ठाकुरले मधेशप्रति सरकारको अझै पनि विभेदकारी नीति रहेको आरोप लगाएका छन् । संविधान जारी भएको असोज ३ गते वीरगन्जमा आयोजित 'नेपालको संविधान २०७२ मा जनताको अवधारणा' विषयक कार्यक्रममा बोल्दै अध्यक्ष ठाकुरले मधेशी, आदिवासी जनजाति, मुस्लिमलाई उसको भाषा, संस्कृति, पहिचान, नागरिकतालगायतमा विभेद अहिले पनि विभेद भइरहेको बताए । उनले भने, 'नश्लवादी सोच, विचार र दृष्टिकोणले केही खास समुदायका अनुहारले देशमा शासन गर्न संविधानलाई आफू अनुकुल बनाएर जारी गरिएको छ । त्यसैले संशोधन नभएसम्म हामी संघर्ष गरिहन्छौं ।' सरकारले मधेशी दलहरूसँग गरेको सबैखाले सम्झौता र सहमति उल्लंघन गरेको पनि उनले दाबी गरे । ठाकुरले मधेशको माग समयमै संबोधन हुन नसके अलग मधेशको माग पनि उठ्न सक्ने चेतावनी दिए । महाभारतको प्रसंग जोड्दै उनले पाण्डवले पाँच गाउँ माग्दा कौरवले पुरै राज्य नै गुमाउनु परेको चर्चा गरे । 'यदि मधेशका माग र असन्तुष्टि समयमै सम्बोधन हुन सकेन भने मधेशले छुट्टै देशको पनि माग गर्न सक्छ,' ठाकुरको भनाइ थियो । बुहदलीय प्रजातन्त्र पछि हरेक प्रधानमन्त्रीले मधेशी दलसँग पटक-पटक सम्झौता र सहमति गर्दै आएको भए पनि उक्त सहमति र सम्झौता कार्यान्वयनमा धोका दिएको आरोप ठाकुरले लगाए । मधेशीबाट खोसिएका हक अधिकार नपाएसम्म मधेशमा संविधानविरूद्ध संघर्ष जारी नै रहने उनको भनाइ छ । एक प्रसंगमा उनले सीके राउतसँग सहकार्यका लागि छलफल भएको खुलासा गर्दै तर राउत आफूहरूको धारमा आउन तयार नभएको बताए । उनले सहकार्यका लागि राउतसँग छलफल भएपनि कुरा नमिलेको उल्लेख गरे ।

## "सीके राउतको कार्यक्रममा जनलहर"



जनकपुरधाम । स्वतन्त्र मधेश गठबन्धनका संयोजक डा.सीके राउतको आह्वान हजारौं सर्वसाधारण सडकमा ओर्लिएका छन् । उनले संविधान दिवसलाई कालो दिवसको रूपमा मनाउन आह्वान गरेका थिए । उनको आह्वानमा हजारौंको संख्यामा जनकपुरधामस्थित रामानन्द चौकमा जम्मा भएका थिए । डा. राउतलाई सुरक्षा निकायले खोजी गरिरहँदा पनि पक्राउ गर्न सकिएन ।
उनले बिहानै सामाजिक सञ्जालमा एक भिडियो सार्वजनिक गर्दै 'चलु जकनपुर, भरू जनकपुर' नारा दिएर आह्वान गरेका थिए । संविधान दिवसको विरोधमा आयोजना गरेको कार्यक्रममा डा. राउतले मधेश आन्दोलनका शहीदहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै मधेश स्वतन्त्र भएरै छाड्ने बताएका थिए । गाउँ गाउँबाट जनकपुरधाम आएका हजारौंको संख्यामा आएका सर्वसाधारणहरूको भीड देखेर सुरक्षा निकाय पनि शान्त बसेको थियो ।



### सपथ खाँदैमा संविधानलाई स्वीकार गरेको अर्थ लाग्दैन

– वरिष्ठ अधिवक्ता सुरेन्द्र महतो

अन्तर्वार्ता पृष्ठ ३ मा

# मधेशले विनाश होइन विकास चाहेको छ

## विमानस्थल पनि बनोस्, वातावरण पनि नबिग्रियोस्

**मधेशवाणी डेस्क**

काठमाडौं । बारा जिल्लाको निजगढमा बन्न लागेको देशकै दोस्रो अन्तर्राष्ट्रिय विमानस्थल नबन्दै यसको विरोध सुरू भएको छ । विमानस्थलले वातावरणीय विनाश निम्त्याउने र वन्यजन्तुको पारिस्थितिकीका असर पर्ने भन्दै पर्यावरणविद्हरूको चिन्ता छ । किनभने निजगढमा विमानस्थल बनाउने नाममा २५ लाख भन्दा बढी रूख कार्टिदैछन भने यसले प्राकृतिक सम्पदा र वन्यजन्तु विनाश गर्छ ।

निश्चित रूपमा निजगढको विमानस्थल नेपाल सरकारको 'ड्रिम प्रोजेक्ट' हो । एसिया प्यासाफिक क्षेत्रको सबैभन्दा राम्रो मौसम र वातावरणमा अवस्थिति निजगढमा बन्ने विमानस्थल साँच्चिकै 'हब' हुनसक्छ । यस अर्थमा यो परियोजना नेपालको मुहार फेर्न सक्छ । विमानस्थल निर्माणका लागि जब २५ लाख रूख काट्ने चर्चा चल्यो त्यसपछि अहिले विभिन्न कोणबाट त्यहाँको वातावरणीय विनाशको बहस सुरू भएको छ ।

विमानस्थल कुल ८० वर्ग किलोमिटर क्षेत्रफलमा बन्ने छ र यसमा रहेका करिब २५ लाख रूख काट्नु पर्ने हुन्छ । तर त्यसको विकल्पमा करिब ६ करोड रूख रोप्न सिफारिस पनि गरिएको छ ।

निजगढ अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको बारेमा जानकारी दिन आयोजित पत्रकार सम्मेलनमा पर्यटन मन्त्री रविन्द्र अधिकारीले रूख काटिएपछि एउटा रूखको बदला २५ वटा रूख रापिने बताएका छन् ।

यो परियोजना सरकारको सपना भएपनि मधेशको जीवनसँग पनि जोडिएको छ । यो परियोजना पूरा हुनुपर्छ तर यसको दिगो विकासका कुनै पनि मान्यतालाई बिर्सनु पनि हुँदैन ।

भारतसँगको सीमा निकटताले मधेशमा अन्तर्राष्ट्रिय विमानस्थल बनाउने ठाउँको धेरै विकल्प छैन । त्यसैले अन्तर्राष्ट्रिय विमानस्थलका लागि निजगढमा एयरपोर्ट बनाउने निर्णय धेरैअघि भएको हो ।




तर विमानस्थल बन्नुअघि अहिलेको मुख्य विवाद भनेको रूख कटान र यसबाट हुने वातावरणीय विनाश र विमानस्थलसँगै जंगल मासेर नयाँ वस्ती विकास हुँदा त्यसले निम्त्याउने प्रभाव हो ।

प्रतिवेदनअनुसार निजगढमा विमानस्थल बनाउन २५५६ हेक्टर अर्थात् ३८३४ बिघा जग्गा चाहिन्छ । धावनमार्ग, टर्मिनल, प्रशासनिक, प्राविधिक नियन्त्रण संरचना तथा इन्धन भण्डारसम्मका संरचना बनाउनु यो भूभाग चाहिने छ ।

नेपाललाई २५ सय हेक्टरमा फैलिएको विमानस्थल चाहिन्छ त भन्ने प्रश्न पनि उठ्ने गरेको छ । लन्डनको हिथ्रो एयरपोर्ट संसारकै व्यस्तमध्ये पर्छ । तर उसले जम्मा १२२७ हेक्टर मात्र जग्गा ओगटेको छ । एसियाकै व्यस्त हङकङ अन्तर्राष्ट्रिय विमानस्थलले जम्मा १२५५ हेक्टर जग्गामा बनेको छ । नयाँदिल्लीको इन्दिरा गान्धी अन्तर्राष्ट्रिय एयरपोर्ट पनि जम्मा २०६६ हेक्टर क्षेत्रफलमा फैलिएको छ ।

त्यसो भए, २५ सय हेक्टरभन्दा बढी क्षेत्रफलमा फैलिएको विमानस्थल किन चाहियो र यसका लागि २५ लाख रूख किन काटनु पर्ने ? हिथ्रो वा हङकङ विमानस्थलजस्तै कम क्षेत्रफलमा मात्र विमानस्थल बनाउने हो भने पनि अहिले अनुमान गरेभन्दा कम रूख काटिनु पर्ने हुन्छ र यसबाट पर्यावरणीय असर कम गर्न सकिन्छ ।

रूख कति काट्ने भन्ने विषय विमानस्थलको आकारले निर्धारण गरेजस्तै कहिले काट्ने भन्ने विषय विमानस्थल कहिले बन्छ भन्नेले निर्धारण गर्छ ।

निजगढमा विमानस्थल बनाउनै हुन्न भन्ने आवाज बलियो छैन । तर, यति धेरै रूख किन काट्ने भन्ने प्रश्न बलियो रूपमा उठेको छ । सरकारले निजगढमा विमानस्थल निर्माण गर्ने प्रक्रिया सुनिश्चित नगरेसम्म यो प्रश्न उठिरहन्छ । किनकि जंगल मासिने तर विमानस्थल नबन्ने अवस्था नआउला भन्न सकिन्न ।

संसारभर सहर र विमानस्थलमा कसरी रूख रोप्ने र जंगल बढाउने भन्ने चिन्ता भइरहेका बेला हामी जंगल मासेर विमानस्थाल बनाउँदै छौं । यसले समग्र मधेशको पर्यावरणमा गडबड हुने निश्चित छ ।

हामीलाई विमानस्थल पनि चाहिएको छ र पर्यावरणको संरक्षण पनि गर्नु परेको छ । विमानस्थलका लागि रूख काट्नु पर्ने जरूरी छ र त्यसैगरी पर्यावरणलाई पनि जोगाउनु छ । वनजंगल, पानीको बहाव लगायतका पक्षमा जुन किसिमको विनाशको सम्भावना देखिएको छ, त्यसको वैकल्पिक संरक्षण योजना नबनाई रूख काट्न थालियो भने त्यसले विनाश नै निम्त्याउने छ । यो हदसम्मको चासो र सरोकारलाई सरकारले सम्बोधन गर्नुपर्छ ।

यसका लागि मन्त्री अधिकारीले भनेझैं काटिएका एउटा रूख बराबर २५ वटा रूख रोप्ने सोच बिल्कुल सहि हो तर रूख रोप्दैमा दायित्व पूरा हुँदैन । रोपिएका रूखको संरक्षण पनि उत्तिकै आवश्यक छ । यसका लागि सरकारले एउटा संयन्त्र बनाएरै रोपिएका रूखको संरक्षणको कामलाई पनि प्रभावकारी बनाउनु पर्छ । नत्र मधेशले विकासको नाममा विनाश मात्र झेल्नु पर्ने हुन्छ ।

निजगढ विमानस्थल बनाउन काटिने रूखका बारेमा चासो हुनु स्वाभाविक हो तर विकास नै रोक्ने गरी भएका चलखेलबारे सरकार पनि सचेत हुनुपर्छ ।

## संविधान संशोधन नभए खारेज हुन्छ : कानून व्यवसायीहरू

काठमाडौं । मधेशी तथा आदिवासी जनजाति कानून व्यवसायी संघ (मिला)ले संविधान दिवसलाई कालो दिनको रूपमा मनाएको छ ।कानून व्यवसायीहरूले संविधान संशोधन नभएसम्म संविधान पूर्णरूपमा कार्यान्वयन हुन नसक्ने धारणा राखेका थिए । उनीहरूले यही रवैया रहे संविधान खारेजी हुने दाबीसमेत गरेका छन् । मिलाले बुधबार मधेश मिडिया हाउसमा आयोजना गरेको 'कपटपूर्ण संविधानको तेस्रो वर्ष' विषयक छलफल कार्यक्रममा कानून व्यवसायीहरूले यस्तो धारणा राखेका छन् । मिलाका अध्यक्ष मनोहर साहले एकातिर मधेशमा लाश जलिरहेको थियो र अर्कोतिर शासकवर्गले दीपावली गर्दै संविधान जारी गरिरहेको स्मरणमा असोज ३ लाई कालो दिनकै रूपमा मनाइने बताए ।



उनले यो संविधानलाई संशोधन नगरेसम्म केही दिनभित्रै खारेज हुने दाबीसमेत अध्यक्ष साहले गरेका छन् । संविधान जारी भएको तीन वर्ष भइसक्दा पनि ८२ प्रतिशत आदिवासी जनजाति, मधेशी, मुस्लिम, थारूले स्वीकार गर्न नसकेको बताए । यो संविधानलाई कुहिएको संविधान रहेको संज्ञा दिँदै अधिवक्ता विकास कुमार ठाकुरले संशोधन नगरे केही दिनभित्रै खारेज हुने र पुनः नयाँ संविधान बनाउनुपर्ने अवस्था सिर्जना हुने दाबी गरे । उनले नयाँ बन्ने संविधानमा पनि शोषित पीडितहरूले आफ्नो अधिकार पाउने वा नपाउने भन्नेमा आशंका रहेको बताए । अब नयाँ संविधान बनाउनुपर्ने बेला आइरहेको उनले जिकिर गरे ।

## बेलाको बोली

रामसुकुल मण्डल



# राजपा र फोरमको धर्मसंकटमा जेलिँदै मधेश

**फोरम र राजपाका नेतालाई मन्त्री र सांसद बन्न संविधानले विभेद गरेको भन्न नमिल्ने तर त्यहीं संविधानले मधेशलाई चाहीं विभेद गरेको भन्नु राजनीतिक चालबाजी बाहेक पक्कै अरू केही होइन ।**

असोज ३, २०७२ मा नेपालको संविधान जारी भएदेखि नै अहिलेसम्म यसको विरोध हुँदै आएको छ । यस पटक राजपाले असोज ३ मा संविधान दिवसलाई कालो दिवसका रूपमा स्मरण गऱ्यो भने मधेशकै अर्को घटक संघीय समाजवादी फोरमले यसपटक कालो दिवसको रूपमा नमनाएर मौन बस्यो । जबकी अघिल्लो वर्ष उसले असोज ३ लाई कालो दिवसकै रूपमा मनाएको थियो ।

यसपटक संविधान दिवसलाई कालो दिवसको रूपमा मनाउन फोरमलाई नैतिक संकट थियो । कारण उ केन्द्रीय सरकारमा सहभागी छ । सरकारको एउटा घटक बनेपछि संविधानको औपचारिक विरोध गर्न उसलाई नैतिक रूपले साथ दिदैन र त्यसैले उसले मध्यमार्गी बाटो अपनाएर मौन बस्यो । तर उता, राजपाले पनि केन्द्रीय सरकारलाई बाहिरैबाट समर्थन दिए पनि उसलाई विरोध गर्न राजनीतिक रूपले सजिलो थियो र कालो दिवसै रूपमा विरोध पनि गऱ्यो ।

तर यसपटक दुवै दलले परोक्ष र प्रत्यक्ष रूपमा संविधानको विरोध गरे पनि अलोचनाबाट मुक्त हुन सकेको छैन । अझ फोरमको गतिविधि झन् शंकास्पद भएको पनि टिप्पणी हुन थालेको छ । कारण संविधानको विरोध गरे पनि राजपा र फोरम संवैधानिक प्रावधान अनुसार भएको प्रतिनिधिसभा र प्रदेशसभा चुनावमा सहभागी भएका हुन् । प्रतिनिधिसभा र प्रदेशसभाको चुनावअघि भएको स्थानीय तहको चुनावमा पनि फोरम र राजपा सहभागी भएका हुन् । फोरमले सुरूदेखि नै स्थानीय तहको चुनावलाई उपयोग गरेको थियो भने राजपाले प्रदेश २ मा भएको तेस्रो चरणको स्थानीय तहका चुनावमा मात्र सहभागिता जनाएका थिए ।

संविधानअनुसार नै राजपा र फोरमका सांसदहरूले प्रतिनिधिसभा र प्रदेशसभाका साथै स्थानीय तहमा समेत सपथ खाएका हुन् । जेष्ठ सदस्यको हैसियतमा राजपाका अध्यक्ष मण्डलका संयोजक महन्थ ठाकुरले प्रतिनिधिसभाका अन्य सदस्यलाई सपथ ग्रहण गराएको स्मरण पनि सबैलाई ताजै छ ।

उपरोक्त दृष्टान्तले के जनाउँछ भने दुवै मधेशी दल प्रकारान्तरले संवैधानिक अभ्यासलाई शिरोधार्य गरिसकेको छ भने संविधानले व्यवस्था गरेको प्रावधानलाई पनि स्वीकार गरेको छ । तर पनि संविधानलाई अहिले पनि विरोध गर्नु भनेको उनीहरूको नैतिक मात्र होइन, राजनीतिक धरातल पनि कमजोर भएको बुझाउँछ ।

यसपटक पनि दुवै दलले स्पष्टका साथ भन्न सकेनन् कि हामीले संविधानलाई आंशिक स्वीकार गरेका छौं र संविधानको यो यो प्रावधानप्रति अहिले पनि हाम्रो असहमति छ ।

फोरम र राजपाका नेतालाई मन्त्री र सांसद बन्न संविधानले विभेद गरेको भन्न नमिल्ने तर त्यही संविधानले मधेशलाई चाहीँ विभेद गरेको भन्नु राजनीतिक चालबाजी बाहेक पक्कै अरू केही होइन । एकातिर संविधान दिवसको विरोध गर्ने र अर्कोतिर संविधानअनुसार नै सुविधा पनि नछाड्ने दोहोरो शैली मधेशमा अपाच्य छ ।

निश्चित रूपमा मधेसको 'सेन्टिमेन्ट' लिन कालो दिवसको नाममा विरोध गरिएको हो भने काठमाडौंमा मौन बसेर फोरम र राजपाले रणनीतिक लाभ लिएका हुन् ।

संविधानले दिएको सबै अवसर पाएसम्म उपभोग गर्ने र अर्कोतिर मधेसका जनता झुक्याउन कालो दिवस मनाउने चाल त होइन भन्ने आशंका पनि पैदा भएको छ । यदि संविधान विभेदकारी नै हो भने संवैधानिक प्रावधानअनुसार पाउने सेवा र सुविधा परित्याग किन गर्न नसकिएका हुन् ?

यस्ता जवलन्त प्रश्नहरूको जवाब

बाँकी पृष्ठ ८ मा



## सम्पादकीय



# संविधानमा असन्तुष्टको आवाज

झन्डै सात दशक लामो क्रान्ति र आन्दोलनपछि स्थापित संविधानसभाबाट निर्मित संविधानले असोज ३ गते चौथौ वर्षमा पाइला टेकेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय 'विवाद र दबाब'बीच निर्मित संविधानले ३ वर्षमा संघीयता र मौलिक हक कार्यान्वयनका संवैधानिक र कानुनी संरचना तयार पारिसकेको छ ।

जारी भएको पहिलो वर्ष चुनाव गराउन कानुनी आधार निर्माण, दोस्रो वर्ष तीन तहको चुनाव र तेस्रो वर्ष मौलिक हकसम्बन्धी कानुन निर्माण भएका छन् । संघीय सरकार, ७ प्रदेश, ६ सय ५३ स्थानीय तह र ७७ जिल्लाको प्रशासनिक संरचना संविधानले संस्थागत गरेको छ ।

संघीयता कार्यान्वयनका जटिलता, प्रदेश र स्थानीय तह सञ्चालनका अफठ्यारा, संघीय-प्रदेश सरकारबीचको अधिकार विवाद भने सुल्झिसकेको छैन । त्यस्तै प्रदेश र स्थानीय तहका कतिपय अलोकप्रिय निर्णय र प्रदेश तथा स्थानीय तहको अधिकारसम्बन्धी कानुन निर्माणमा देखिएको उदासिनताले जनतामा निराशा पनि उत्तिकै छ ।

संविधान जारी गर्दा नै आफ्ना अधिकार खोसिए भन्दै आन्दोलन गरेको पक्ष अझै असन्तुष्ट भएकाले उसका माग संविधान संशोधन गरेर सम्बोधन गरिनु पर्छ । संविधानमा लेखिएकै कुरा कार्यान्वयन नहुँदा जनतामा विश्वासको संकट आउन सक्छ ।

आवश्यक्ता र औचित्यका आधारमा संविधान संशोधन गर्ने भनेर प्रधानमन्त्री ओलीले बारम्बार संसदमा प्रतिबद्धता जनाए पनि संशोधन प्रस्ताव नआउनुबाट मधेशमा असन्तुष्टीको ज्वार अझै रहेको छ । संविधान संशोधन गर्न दुई तिहाइ मत सरकारसँग छ तर सरकार संशोधन प्रस्ताव किन ल्याउँदैन भन्ने गम्भीर प्रश्न पनि खडा भएको छ । मधेशी दलले संविधानअनुसार निर्वाचन र संरचनामा भाग लिए पनि संविधान संशोधनको माग भने अझै छाडेका छैनन् ।

**आवश्यक्ता र औचित्यका आधारमा संविधान संशोधन गर्ने भनेर प्रधानमन्त्री ओलीले बारम्बार संसदमा प्रतिबद्धता जनाए पनि संशोधन प्रस्ताव नआउनुबाट मधेशमा असन्तुष्टीको ज्वार अझै रहेको छ ।**

आफ्नो प्रतिनिधिमूलक संस्थाबाट संविधान लेख्ने २००७ सालदेखिको जनताको चाहना पूरा भएको तीन वर्ष भएको छ । संविधानसभाबाट संविधान लेख्ने जनताको सात दशक लामो सपना २०७२ असोज ३ मा साकार भएको हो ।

मधेशी, जनजातिसहित विभिन्न पक्षको असन्तुष्टिबीच तत्कालीन राष्ट्रपति रामवरण यादवले संविधानसभाबाट निर्माण गरिएको नेपालको संविधान, २०७२ घोषणा गरेका थिए । संघीयता, लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था, धर्मनिरपेक्षता, मिश्रित निर्वाचन प्रणाली, समावेशिता यो संविधानका मूल विशेषता हुन् ।

संविधानप्रति असन्तुष्ट दलहरू समेत चुनावमा भाग लिएर सरकारमा सहभागी हुनु भनेको उनीहरूको प्रजातन्त्र, लोकतन्त्र, संघीयता, गणतन्त्र र समावेशी तथा समतामूलक राज्यप्रतिको प्रतिवद्धता हो । तर यसको अर्थ यो होइन कि उनीहरूले संविधानलाई अंगीकार गरिसकेका छन् । संविधानप्रति रहेको असन्तुष्टिका बाबजुद निर्वाचनमा सहभागिता जनाई जनताको मतादेशअनुसार प्रादेशिक सरकार बनाएर ती दलहरूले आफू पनि प्रजातान्त्रिक प्रक्रियामै रहेको गहन सन्देश दिएका छन् ।

संविधानप्रति मधेशससहित असन्तुष्ट पक्षले उठाउँदै आएको संशोधनको मुद्दा प्रदेश र प्रतिनिधिसभा निर्वाचनपछि सेलाएको सत्ता पक्षले बुझेको छ । संविधान संशोधनलाई मुख्य विषय बनाउँदै आएका मधेशी दलहरू नयाँ संविधानअनुसार सरकार र संसदमा भए पनि उनीहरूको माग यथावत छ । तीनै तहको सरकारमा रहेका मधेशी दलहरूको प्राथमिकता अहिले पनि संविधान संशोधन नै हो ।

संविधान संशोधन भएमा मधेश र मधेशी जनताका जायज माग अवश्य पूरा हुन्छ । संविधान र व्यवहार आफैंमा खराब हुँदैन । खराब मानिसहरूको हातमा संविधान व्यवस्था संचालन गर्न पुग्यो भने नेपाल र नेपालीको सर्वोत्तम हित र सर्वाङ्गीण विकास भनेको गौण हुन जानेछ । हिमाल, पहाड, र मधेशको जनताले लोकतन्त्र, स्वतन्त्रता र सामाजिक न्यायकालागि पटक-पटक गरेका संघर्ष, त्याग, तपस्या र बलिदानको परिणामस्वरूप मुलुकमा स्थापित गणतान्त्रिक व्यवस्थाले विभेदलाई चरम सीमामा ल्याएर राखिदियो । गणतन्त्रात्मक व्यवस्थामा दलीय निरंकुशता देखा परेको छ । सत्ता स्वार्थ केन्द्रित राजनीतिले गर्दा भावनात्मक एकीकरण र राष्ट्र निर्माणको महाअभियानमा कुनै अनुभूति र प्रत्याभूति हुन सकेको छैन । विगतमा भएको २२ बुँदे, आठ बुँदे, सम्झौता लगायत विभिन्न समयमा मधेशी, आदिवासी र जनजातीबीच भएका सम्झौता, समझदारी अबको सरकारको कार्यकालमा पनि कार्यान्वयन नहुनु भनेको दुर्भाग्य नै हो ।

संविधानसभाबाट जारी संविधान असफल भए एउटा राजनीतिक दल वा नेतामात्र नभएर सिंगो देशले नै हार्नेछ । प्रदेशलाई चाहिने शान्ति सुरक्षा, लोकसेवा जस्ता छाता ऐन, कानुन बनाउने विषय अब प्राथमिकतामा रखिनु पर्छ । स्थानीय, प्रदेश र केन्द्र सरकारबीच विश्वासको वातावरण बनाउनुपर्छ ।

संविधान जारीसँगै जनताले देखेको आर्थिक विकास र समृद्धिको चाहना भने फुल्न पाएको छैन । राजनीतिक अस्थिरतासँगै सरकार गठन र विघटनका कारण मुलुकले आर्थिक समृद्धिको बाटो समाउन नसकेको बुझाइमा रहेका जनताले निर्वाचनमार्फत स्थिर सरकार गठनको जनादेश दिएका छन् । सोहीअनुसार सरकार गठन भए पनि बितेका सात महिनामा सरकार झिनामसिना काममा मात्र अल्झिएको छ । सरकार र प्रमुख राजनीतिक दलहरू लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै संविधानलाई व्यवहारमा उतार्न संविधानले परिकल्पना गरेका संरचनालाई मजबुत बनाउनुको साटो कमजोर बनाउन सक्रिय देखिन्छन् । संविधान पालक र संरक्षकले पनि संवैधानिक व्यवस्थाविपरीत दलीय स्वार्थमा परेर यसबीचमा कतिपय कदम उठाएको टिप्पणी पनि भइरहेका छन् ।

# विग्रहमा जाने कि सहमतिमा ?



**सन्तोष मेहता**

**मधेशी दल असफल भए सीके राउतको राजनीति सफल हुनसक्छ । सरकार एव नेकपाको राजनीति असफल भए विप्लवको राजनीति सफल हुनसक्छ । यो दुवै अवस्थामा नेपालको हित र स्वार्थको रक्षा हुनसक्दैन ।**

'नेपालको संविधान' २०७२ असोज ३ मा जारी भइरहँदा मधेशमा सामान्य उत्साह हुनु त परै जाओस् बरू लाखौं जनता संविधान र राज्यको प्रतिरोध गर्न सडकमा आक्रोश पोखिरहेका थिए । यथार्थमा इतिहासभरि जब-जब संविधान दिवस मनाइने छ तब-तब मधेशीहरूलाई आफ्नो अधिकारको कुरा गरिरहँदा राज्यद्वारा दमित हुनुपरेको त्यो दिन पनि याद आउने छ । कहिल्यै नबिर्सने गरी राज्यले दिएको त्यो गहिरो चोट र मारिएका आफन्तहरूको चित्कार स्मरण आउने छ । मधेशीहरूको गरिएको नरसंहार र रगतमा लत्पतिएको शत्रुधन पटेल, दुधे बालक चन्दन पटेलको अनुहार स्मरण आउने छ, अंगभंग भएका ती हजारौं हजार मधिशी-थारू समुदायका क्रन्दन कानभरि गुन्जने छन् । घाइतेहरूको घाउमा नुन छर्केझैं अझै आलो हुनेछ । जुन घाउमा दुई तिहाइको सरकारले समेत मल्हम लगाउनेसम्म प्रयास गरेको छैन । मानौं मधेशलाई अझै दमन गर्नकै निम्ति ओली सरकारले यो महारत हासिल गरेको हो ।

संविधान संशोधनको आसमा राजपा नेपालले ओली सरकारलाई निःशर्त समर्थन गरेको हो तर राजपा त त्यतिखेर झस्कियो जब नीति तथा कार्यक्रममा संविधान संशोधनको 'स' समेत उल्लेख गरेन बरू आन्दोलनलाई जातीय क्षेत्रीय विखण्डनको नाममा घुमाउरो तरिकाले दमन गर्ने नीति सार्वजनिक गऱ्यो । यस परिस्थितिमा मधेशी-थारू, मुस्लिम, दलित, जनजाति एव उत्पीडित समुदायका प्रतिनिधिको रूपमा रहेको राजपा नेपालले जनतासँगै सडकमा त्यो कालो दिन याद गर्ने निर्णय गर्न पुग्यो । यस परिस्थितिमा हाम्रो निम्ति संविधान दिवश भनेकै कालो दिवश हुन गएको हो ।

हुन त यो संविधान जारी हुनु पहिलेदेखि नै मधेशी समुदायले विरोध जनाइराखेको थियो । संविधान जारी भएपछि काठमाडौं र पहाडे समुदाय बहुल क्षेत्रमा दिपावली गरी खुसीको उत्सव मनाइरहँदा मधेशक्षेत्र र मधेशी, थारू समुदायले आफ्नो घरमा कालो झण्डा झुण्डयाएर विरोध गर्दै थिए । के थियो त मधेशी, थारूहरूको चाहना ? किन तिनले विरोध गरिरहे र अहिले पनि विरोध नै गरिराखेका छन् ? आमरूपमा मधेशी समुदाय र मधेशी दलहरू नयाँ संविधानको निर्माण प्रक्रिया र त्यसका समावेश गरिएका कतिपय प्रावधानहरूसँग सहमत थिएनन्, छैनन् । नागरिकता, संघीयता, निर्वाचन प्रणाली, समानुपातिक समावेशीकरण लगायतको सवालमा यो संविधानका कतिपय धारा, उपधाराहरू मधेश र मधेशीमैत्री हुन सकेनन् । विगतमा भएका दुईटा मधेश आन्दोलनहरू, त्यसक्रममा राज्यले गरेका बाचाहरू, सरकारसँग भएका सहमतिहरूलाई नजरअन्दाज गर्दै कतिपय प्रावधानहरू नेपालको अन्तरिम संविधान, २०६३ भन्दा पश्चगामी प्रकृतिका राखियो । यसले गर्दा समाजमा आक्रोश बढ्दै गयो । समाज थप आन्दोलित भइरह्यो ।

बास्तवमा २०७२ असोज ३ मा जारी भएको 'नेपालको संविधान' सातौं संविधान हो । विगतको ६ वटा संविधानले राज्य संरचनाको कतिपय समस्या, शासन-प्रशासनको शैलीमा परिवर्तन नल्याएको होइन तर मधेशी-थारू, आदिवासी-जनजाति, दलित, महिलाको राज्यमा पहुँच बृद्धिको सबालमा समस्या जस्ताको तस्तै रह्यो । राज्यको विभिन्न निकायहरू, राजनीति, शासन-प्रशासन, सेना-पुलिसमा केवल खस-आर्य समुदायको अत्यधिक बर्चस्व कायम हुनपुगेको छ । यो समस्या विगतका संविधान, त्यसअन्तर्गत चलेको शासन प्रशासन, त्यसले निर्माण गरेको राज्यका संरचनाहरूको कारण उब्जेको हो । त्यसैलाई परिवर्तन गर्ने र उल्लेखित सीमान्तकृतहरूको हितमा पुनर्सरचना गर्ने सातौ संविधानको मूल कार्यभार थियो । अपेक्षाकृत नेपालको संविधानले यो कार्यभार पुरा गर्न सकेन । यस परिस्थितिमा हाम्रो निम्ति संविधान दिवश भनेकै कालो दिवश हुन गएको हो ।

संविधानले समाज र राज्यबीचको सम्बन्ध परिभाषित गर्ने हो । नेपाली समाज र राज्यबीचको सम्बन्ध अनमेल प्रकारको छ । मूलतः नेपाली समाजमा तीन समुदायको जनसँख्या बराबर छ । खस आर्य, पहाडको आदिबासी जनजाति र मधेशी समुदाय । यी ३ समुदायकै सुरक्षा, संरक्षण, सम्बर्धनको स्वार्थ वरिपरि नेपालको राजनीति घुमिरहेको छ । संविधान संशोधनमा रहेको पछिल्लो संकट पनि यिनै फरक समुदायबीचको मनोवैज्ञानिक र व्यावहारिक टकराव हो । संविधान निर्माण प्रक्रिया र अन्तरवस्तुमा समेत यहि ३ समुदायबीचको सन्तुलन मिलाउनु पर्दथ्यो, समन्वय गराउनु पर्दथ्यो । राजनीतिकरूपमा कांग्रेस, एमाले, एमाओवादी र मधेशवादीबीच सहमति गर्नु भनेको सामाजिकरूपमा मधेशी, जनजाति र खसबीच सहमति पनि हो त्यसो गरेको भए हामी हाम्रो संविधान बनाउन सक्थ्यौं, त्यसअनुरूप सुन्दर नेपाल बनाउन सक्थयौं । यसर्थ बहसको केन्द्र बिन्दु संविधान संशोधन गर्ने अथवा नगर्ने देखिए पनि सारमा ३ वटा पहिचानबीचको टकराव, द्वन्द्व र समन्वय नै हो ।

अर्को महत्वपूर्ण विषय भनेको संविधान निर्माण प्रक्रियासँग सम्बन्धित छ जहाँ मधेशवादी दललाई किनारीकृत गरिएको थियो । नेपालमा बन्न लागेको सातौं संविधान जसका लागि दुई-दुई पटक संविधानसभाको निर्वाचन भएको थियो र जुन दसबर्षे माओवादी जनयुद्ध र दुइटा मधेश आन्दोलनको जगमा बन्दैथियो, त्यसको प्रक्रियामा मधेशी दलहरूको सहभागिता अनिवार्य थियो । तर २०७२ जेठ २५ गते भएको १६ बुँदे सहमति (जसले नयाँ संविधान निर्माणका लागि भूमिका खेल्यो) मा मधेशी मोर्चाको मुख्य घटकहरूलाई बाहिर राखियो । संविधान निर्माणको राजनीतिमा प्रक्रियागत हिसाबले पहिलो त्रुटी र मधेशीहरूको गुनासोको श्रृङखंला यहींबाट शुरू भयो । यस प्रक्रियामा मधेशी दल र तिनका नेताहरूलाई मात्र बाहिर राखेनन् बरू काँग्रेस, एमाले, एमाओवादी पार्टीहरूमा रहेका मधेशी नेताहरूलाई पनि गुमराहमा राखियो, जसले गर्दा आमरूपमा मधेशी मनमा आफुहरूलाई किन बाहिर राखिँदै छ भन्ने प्रश्न उठ्यो ? यस्तो प्रश्नको त्यति ठूलो अर्थ हुने थिएन, यदि संविधानको अन्तरवस्तु मधेश र मधेशी मैत्री भइदिएको भए । तर दुर्भाग्यवश, त्यस्तो पनि भएन । यसअघि नेपालमा बनेका सबै संविधान तात्कालिक राजनीतिक शक्तिहरूबीचको सन्तुलन र सहमतिबाटै बनेको थियो । तर दुर्भाग्यबश जारी गरिएको नेपालको संविधानको निम्ति न प्रमुख दलहरू बीच सहमति गरियो न त सन्तुलन नै मिलाइयो । बरू संविधान निर्माण प्रक्रियासँग सम्बन्धित नियमावली रद्दीको टोकरीमा फाल्दै फास्ट ट्र्याकको नाममा एकै समुदायका सीमित व्यक्तिहरू संविधानको ड्राफ्ट तयार पारी हुन्छ कि हुन्नको भरमा संबिधान निर्माण गरिएको हो । यस परिस्थितिमा हाम्रो निम्ति संविधान दिवश भनेकै कालो दिवश हुन् गएको हो ।

संविधान सभाबाट नयाँ संबिधान निर्माण हुनुपर्ने विषय नेपाली राजनीतिमा प्रवेश पाउनु पछाडीका कारण मूलतः दुई आन्दोलनहरू थिए । पहिलो माओवादी जनयुद्ध र दोस्रो मधेश आन्दोलन । माओवादी आन्दोलनका कतिपय एजेण्डाहरू गणतन्त्र, धर्मनिरपेक्षता धेरै हदसम्म पूरा भयो । माओवादीहरूको कम प्राथमिकतामा रहेको तर मधेश आन्दोलनको मुख्य एजेण्डा बनेको राज्यको पुनर्संरचनाको मुद्दा पुरा भएको मान्न सकिन्न । नेपालको संविधानले रूपमा राज्य पुनर्संरचना गरेजस्तो देखिए पनि सारमा यसले नेपालको सीमान्तकृत समुदायहरूलाई (खासगरी मधेशी-थारू, आदिवासी जनजाति, दलित) राजनीति र राज्यको अन्य अंगहरूमा मूलधारमा त्यसरूपमा ल्याएको छैन, ल्याउने छैन जुनरूपमा आम अपेक्षा थियो । यो संविधानले माओवादी आन्दोलनको व्यवस्थापन गर्न सक्यो तर मधेश आन्दोलनको व्यवस्थापन गर्न चाहेन । संघीय प्रदेशहरूको सीमाकंन गरिँदा न त विगतका सहमतिहरूलाई टेक्यो, न त कुनै एक स्पष्ट आधारलाई । तराई-मधेशका २० जिल्लालाई अनेकौं भागमा खण्डित गरियो । मधेशको २० जिल्लाबाट ८ जिल्ला मधेशलाई दिएर १२ जिल्ला पहाडमा गाँभियो । थारू, जनजातिहरूलाई जबर्जस्ती अल्पमतमा पारियो । पूर्वको झापा, मोरङ, सुनसरीलाई पूर्वी पहाडसँग जोडियो भने पश्चिमका कैलाली कञ्चनपुरलाई पनि ठीक त्यसै प्रकारले हिमाली जिल्लाहरूसँग जोडियो । प्रदेश रचनाको प्रारम्भिक खाकालाई लिएर पश्चिम पहाडको सुर्खेत र कर्णाली क्षेत्रमा आन्दोलन भए । पहाडी जिल्लाहरूमा सीमांकन हेरफेर गरियो । ६ बाट ७ प्रदेश बनाइयो तर तराई-मधेशका जनताले गरेको आन्दोलनको कुनै सम्बोधन गरिएन । बरू मधेशको आन्दोलनमाथि व्यापक दमन गरियो, ६-६ महिना लामो आन्दोलन बिना सम्बोधन त्यतिकै तुहियो । माओवादीको बन्दुक, जनमिलिसिया, वाईसिएल लगायत सबैको ब्यवस्थापन भयो । तर मधेश–थरूहट आन्दोलनबाट उब्जिएका समस्याको समाधान भएन । आन्दोलनकारीमाथि लगाइएका झूटा मुद्दा खारेजी, लक्ष्मण थारू लगायत थुनामा रहेकाको रिहाइ, छुटेका सहिद घोषणा र तिनको परिवारको एवं घाइतेको भरणपोषणको व्यवस्था, कैलालीका सांसद रेशम चौधरीको शपथ ग्रहण लगायत आन्दोलनमा जनधनको उपयुक्त क्षतिपूर्ति जस्ता प्रारम्भिक सवाल पनि सम्बोधन हुन् सकेन । यस परिस्थितिमा हाम्रो निम्ति संविधान दिवश भनेकै कालो दिवस हुन् गएको हो ।

नेपालमा संघीयता किन आवश्यक भयो यस यक्ष प्रश्नको उपयुक्त उत्तर नखोजी नेपाल संघीय मुलुक भयो भनि विश्लेषण गर्नु केवल सतही हुनेछ । एकात्मक देशहरू संघीयतामा ३ वटा कारणले गएका देखिन्छन् । विकास, बहुलता वा विद्रोहलाई सम्बोधन गर्न उनीहरू संघीयतामा गएका हुन् । केन्द्रीकृत प्रणालीबाट विकास कार्य कठिन भएको अवस्थामा अपनाइएको संघीयता प्रशासनिक संघीयता हो, जुन विकेन्द्रीकरणतिर लक्षित हुन्छ । बहुलतालाई सम्बोधन गर्न अपनाइएको संघीयता पहिचानसहितको संघीयता हो, जुन बहुलताको व्यवस्थापनतिर लक्षित हुन्छ । जातीय, सामुदायिक उत्पीडन तथा नश्लगायतमा अधारित गृहयुद्ध वा विद्रोह आदिलाई सम्बोधन गर्न अपनाइएको संघीयता 'इथ्निक' संघीयता हो । जुन स्वतन्त्रतातिर लक्षित हुन्छ । सुरूमा मधेशवादी दल र आदिवासी जनजातिहरू इथ्निक संघीयताको बहसमा गएको पनि देखियो । पछि यिनीहरू पहिचानसहितको संघीयतामा सहमत भइसकेका थिए । उच्चस्तरीय राज्य पुनर्संरचना आयोग तथा संविधानसभाले पनि पहिचानसहितको संघीयताकै पक्षमा रिपोर्टहरू तयार परि संघीयताको खाका सुझाएका थिए । तर कांग्रेस-एमाले-माओवादी हटातमा प्रशासनिक संघीयताको खाका लागु गरे । जबकि समस्या भनेको बहुलतालाई व्यवस्थापन गर्नु नै हो ।

भ्रम नहोस् फोरमझैं लुरूलुरू राजपा नेपाल पनि असोज ३ को संविधानलाई स्वीकार गरि निर्वाचनमा सहभागी भएको हो । दुई-दुई चरणको निर्वाचन वहिष्कार पश्चात संविधानमा हस्ताक्षरकर्ता मध्येहरूबाटै ५५३ मध्ये ३४७ सांसदहरूले असोज ३ को संविधानलाई मधेशको दृष्टिकोणले अधुरो अपुरो भने पश्चात संशोधनको पक्षमा मतदान गरे पश्चात बल्ल तेस्रो चरणको निर्वाचन आन्दोलनकै रूपमा रणनैतिक उपयोग गरिएको हो । जसरी पंचायतमा कांग्रेसले चुनावको रणनैतिक उपयोग गर्ने गर्दथ्यो । राजपाले संविधान संशोधनको निम्ति दबाब सिर्जना गर्न, सदन र सडकमा नेपालको संविधान अनुरूप नै उत्पीडित जनताको न्यायको पक्षमा आवाज बुलन्द गर्नको निम्ति, नश्लवादी चिन्तन र व्यवहारको पर्दाफास गर्न नेपालको संविधानसँग केवल सहकार्य गरेको हो । संविधानलाई गीता कुरान मानि स्वीकार गरेको होइन । तसर्थ, राजपा नेपाल निर्वाचन स्वीकार गर्यो अब राजनीतिक समस्या समाधान भयो भन्ने भ्रमबाट जतिसक्दो चाडो मुक्त भइ मधेश तथा पहाडका जनजाति र देशको हितमा संविधान संशोधन गरि सर्वस्वीकार्य बनाउनु नै सर्वहिताय हुनेछ । मधेशी दल असफल भए सीके राउतको राजनीति सफल हुनसक्छ । सरकार एव नेकपाको राजनीति असफल भए विप्लवको राजनीति सफल हुनसक्छ । यो दुवै अवस्थामा नेपालको हित र स्वार्थको रक्षा हुनसक्दैन । तसर्थ, राजपा नेपाललाई अझै किनारमा धकेल्नु भनेको सरकार र दलहरूको असफलतामात्र नभई मुलुककै असफलता हुनेछ । बहुलतालाई स्वीकार गरी त्यसलाई व्यवस्थापन गर्ने कि अस्वीकार गरी सबै सँगै समाप्त हुने ? विग्रहमा जाने कि सहमतिमा ? नेताहरूका अगाडि अन्य विकल्प बाँकी छैन ।

*(मेहता राष्ट्रिय जनता पार्टी नेपालका प्रवक्ता हुन् ।)*

## सताको सात बात



देशको आर्थिक विकास गर्ने विषय सरकार, कुनै दल वा व्यक्तिको नीजि मामिला नभई यसलाई देशको साझा संकल्पको रूपमा लिनुपर्छ । संविधानमा नमिलेका र छुटेका विषय समयक्रमसँगै परिमार्जन र संशोधन गर्दै जान सकिन्छ । **केपी ओली, प्रधानमन्त्री**



यो लोकतान्त्रिक, प्रजातान्त्रिक संविधान हो । मैले त्यतिबेला सतप्रतिशत राजनीतिक दलहरू मिलेर जाउन् भन्ने चाहना रोखेको थिए । मधेशी, आदिवासी जनजातिको समस्या पनि समेटेर अगाडि बढौं भनेको थिए तर हुन सकेन । अहिले हेर्दा सबै दल एकै ठाउँमा पाएको छु । **डा. रामवरण यादव, पूर्वराष्ट्रपति**



लोकतन्त्र प्राप्तिको संघर्षमा मधेशीको पनि त्याग रहेको थियो तर हिस्सेदारी अझै पाउन सकिएको छैन । बहुदलीय प्रजातन्त्रपछि हरेक प्रधानमन्त्रीले मधेशी दलसँग पटकपटक सम्झौता र सहमति गर्दै आएका छन् तर कार्यान्वयनमा सधैं धोका हुने गरेको छ। **महन्थ ठाकुर, अध्यक्ष, राष्ट्रिय जनता पार्टी नेपाल**



अहिलेको सरकारले राज्य आतंक मच्याउन खोजिरहेको छ । आफ्ना कार्यकर्तालाई अंगिगालको गोलाजस्तो भएर आक्रमणको प्रत्याक्रम गर्न निर्देशन दिनु चिन्ताको विषय हो । विभेदका विरूद्ध एकढिक्का भएर अगाडि बढ्नुपर्ने समय आइसकेको छ । **विमलेन्द्र निधि, उपसभापति, नेपाली कांग्रेस**



संविधानले संघीय लोकतान्त्रिक गणतन्त्रको बाटोबाट समाजवादको आधारशीला तयार गर्न सकिने मान्यता अंगिकार गरेको छ। त्यसै अनुरूप न्यायपूर्ण, समतामुलक र समृद्ध समाज निर्माण गर्ने तीनै तहका सरकारको साझा लक्ष्य हुनुपर्छ। **शंकर पोखरेल, मुख्यमन्त्री, प्रदेश ५**



पहिले हामी पहिचानसहितको संघीयताको आन्दोलन चलाइरहेका थियौं, अहिले त्यस्तो स्थिति छैन । राजनीतिक डिस्कोर्स बदलिएर हामी यहाँसम्म आइपुगेका हौं । अब हिजोकै ठाउँमा अडिइरहनुपर्छ भन्ने छैन । मुलुकको समृद्धिका लागि लाग्ने समय आएको छ । **पृथ्वी सुब्बा गुरूङ्ग, मुख्यमन्त्री, गण्डकी प्रदेश**



केपी ओली नेतृत्वको संघीय सरकार र कर्मचारीतन्त्र संघीयता समाप्त पार्ने चलखेलमा लागिरहेको छ । प्रदेश २ को विकासको मुख्य विन्दु रहेको हुलाकी सडक निर्माण भए संघीयता सफलताको एउटा कडी हुनसक्छ । यो मार्ग निर्माणबाट मधेशको विकासमा ठूलो टेवा पुग्नेछ । **जितेन्द्र सोनल, भौतिक योजना तथा पूर्वाधार मन्त्री, प्रदेश २**

# सपथ खाँदैमा संविधानलाई स्वीकार गरेको अर्थ लाग्दैन

## फोरम नेपाल सरकारमै सहभागी भइसकेको र उसले संविधान दिवसको विरोध गर्ने अवस्था नैतिकताको आधारमा रहेन र समर्थन पनि गर्न सकेन । प्रकारान्तरले यो विरोधप्रतिकै झुकाव ।



सुरेन्द्र महतो
वरिष्ठ अधिवक्ता



**० असोज ३ गते अर्थात् संविधान दिवसलाई कतै उत्सवको रूपमा मनाइयो भने कतै विरोध दिवसको रूपमा मनाइएको छ । यर्थात्मा संविधान दिवसलाई कसरी स्मरण गर्नुपर्छ ?**

– २०७२ साल असोज ३ गते संविधान जारी भएको हो र तीन वर्ष पूरा भइसकेको छ । यो संविधान जारी हुनुले एक किसिमको अन्योलतापूर्ण वातावरणबाट देशले निकाश त पाएको छ तर समाधान दिन चुकेको छ । संविधान निर्माणको समयमा देखिएको दुविधा, पश्चगामी र प्रतिक्रियावादी शक्तिहरू सलबलाइरहेको अवस्थामा देशलाई पछाडि नै फर्काउने शक्तिहरू पनि सक्रिय रहेका थिए । संविधान जारी भइसकेपछि त्यस्ता शक्तिहरूको अन्योलता समाप्त भएको छ । संविधान केही हदसम्म अग्रगामी तरिकाले जारी भएको छ । संघीयता र गणतन्त्र दुईवटा विल्कुलै नयाँ व्यवस्था यो संविधानमार्फत् आएको छ । यसका साथसाथै केही मामिलामा यो संविधान पश्चगामी पनि छ । अन्तरिम संविधानमा स्थापित भइसकेका अधिकारहरू खासगरी मधेशी, आदिवासी, जनजाति, थारू, मुस्लिमहरूको अधिकार केही हदसम्म कटौती हुने काम पनि नयाँ संविधानमा भएको छ । नागरिकता सम्बन्धी व्यवस्थामा पनि पहिलेको भन्दा अझ संकुचित व्यवस्था छ । जनसंख्याको आधारमा प्रतिनिधित्वको सवालमा पनि संकुचन भएको अवस्था छ । संविधान जारी भइरहँदाको अवस्थामा पनि यसको विरोध कायम नै थियो, त्यतिखेर जुन किसिमको असन्तुष्टि र असहजता थियो अहिले संविधान जारी भएको तेस्रो वर्ष पूरा हुँदाखेरी पनि त्यो असहजता कायम नै रहेको छ ।

**० तपाईंले भन्नुभयो संविधान जारी हुनु एउटा सकारात्मक पक्ष थियो भने संविधानप्रति जुन प्रकारका असन्तुष्टि विगतमा थियो, अहिले पनि कायमै छ । संविधानको तीन वर्षे अवधिलाई कसरी समीक्षा गर्नुहुन्छ ?**

– यो संविधानको तीन वर्षे अवधिलाई हेर्दा यसको पहिलो संशोधन भइसकेको छ । तर, त्यो संशोधन जसका लागि भनेर गरियो ती सरोकारवालाहरूले त्यसको स्वामित्व ग्रहण गर्न सकेन । यो संविधान जारी भइसकेपछि राज्यका अंगहरूको निर्माण जसरी हुनुपर्ने थियो जस्तो संघीय, प्रादेशिक सरकारको गठन, स्थानीय सरकारको गठन लगायतका कामहरू भएका छन् । तर संविधानले आफ्नो हकअधिकार स्थापित गराउँला भनेर आवाज उठाएकाहरूले त्यसको अनुभूति गर्न पाएका छैनन् । अन्तरिम संविधानले विभेदको कुरालाई स्वीकार गरेको थियो र त्यो विभेदको अन्त्य नयाँ संविधानबाट हुन्छ भन्ने अपेक्षा मधेशी, आदिवासी, जनजाति, थारू, मुस्लिम, महिलाहरूलाई थियो । ती तप्का र वर्गहरू अहिलेसम्म पनि सन्तुष्ट रहेको अवस्था देखिदैन । यो तीन वर्षको समयले संविधानबाट असन्तुष्ट रहेका ठूलो वर्गलाई अझ सन्तुष्ट बनाउन सकेको छैन । यो सौहाद्रपूर्ण पक्ष होइन । सबै पक्षलाई समेटेर अगाडि बढ्नका लागि नेपाल सरकार गम्भीरतापूर्वक अगाडि बढ्नु पर्छ ।

**० देशका आधा जनसंख्याले संविधानको अपनत्व ग्रहण गर्न सकेका छैनन्, यो अनुभूति सरकारलाई छ भनेर महसुस गर्न सकिन्छ ?**

– हिजो नेकपा एमाले र नेकपा माओवादी दुवै दल गठबन्धन गरेर चुनाव लडे र त्यसमा जनताले राम्रो अभिमत दिए पछि दुवै दल एकीकरण भएर नेपाल कम्युनिष्ट पार्टी बन्यो । माओवादीले आदिवासी, जनजाति, मधेशीका आवाजलाई चर्को स्वरमा उठाउँदै आएको थियो । पछाडि पारिएका समुदायको मुद्दा यसरी सतहमा आउनुमा माओवादीको ठूलो भूमिका रहेको छ । नेकपा एमाले, नेकपा माओवादीजस्तो परिवर्तनको पक्षधर थिएन तर आज दुवै पार्टी एकजुट भएको छ र यसैबीच संघीय समाजवादी फोरम तीन बुँदे सहमति गरेर सरकारमा गएको छ । संविधान संशोधन गर्ने मुख्य सर्तमा फोरम सरकारमा प्रवेश गरेको अवस्थामा नेपाल सरकारले संविधान संशोधन आवश्यक छ भनेर लिखित रूपमा नै स्वीकार गरिसकेको छ । यो सबै घटनाक्रम हेर्दाखेरी नेपाल कम्युनिष्ट पार्टीको उद्देश्य यो संविधानलाई सर्वस्वीकार्य बनाउने हो, संशोधन गर्नमा लचक हुने हो । प्रमुख प्रतिपक्ष नेपाली कांग्रेसले पनि संविधान संशोधनमा सहमति जनाएको छ । तर यति हुँदाहुँदै पनि संशोधन गर्न किन बिलम्ब भईरहेको छ ? दुई तिहाईको बहुमत भएको सरकार र प्रतिपक्षले पनि संविधान संशोधनमा सहमति जनाइरहेको अवस्थामा पनि विलम्ब भई अहिलेसम्म अन्तर्वस्तु भित्र नै प्रवेश गरेको छैन । संविधान संशोधनको लागि कार्यदल गठन गरेर कुन धाराहरूमा के-के बुँदामा संशोधन गर्ने भन्ने सम्बन्धमा छलफलको प्रारम्भ पनि भएको छैन । यसरी हेर्दा जनतामा एक किसिमको अन्योलता र आशंका बढ्दै गएको देखिन्छ ।

**० संघीय फोरम जुन उद्देश्यका लागि सरकारमा सहभागी भएको छ, अहिलेको अवस्थामा उसको भूमिकालाई कसरी हेर्नुभएको छ ?**

– फोरम सरकारमा जानुको प्रमुख उद्देश्य संविधान संशोधन गराउनु नै हो । देशलाई समृद्धितिर लैजाने, संविधानको कार्यान्वयन प्रभावकारी ढंगले गर्ने त सबैको एजेन्डा हो । संविधान संशोधनको प्रक्रियामा फोरमले जसरी अग्रसरता लिनुपर्ने हो, त्यस्तो देखिदैन । सरकारमा जानुको उद्देश्य नै संविधान संशोधन हो भनेर अभिव्यक्ति दिइरहँदा सरकारमा गएपछि संशोधनका लागि फोरमले के गरिरहेको छ भन्ने प्रश्न उठ्न थालेको छ ।

**० संविधान दिवस मनाउने सन्दर्भमा फोरम नेपाल मौन बस्यो भने राजपा नेपालले विरोध कार्यक्रम गरेको छ । । राजपाले केन्द्रमा सरकारलाई समर्थन गरेको छ, प्रदेशमा सरकार सञ्चालन गरिरहेको छ । उता उसले संविधानको विरोध पनि गरेको छ । राजपाले दोहोरो नीति अपनायो भनेर टिप्पणी पनि भइरहेको छ । राजपाको यस्तो क्रियाकलापलाई कसरी हेर्नुहुन्छ ?**

– राजपा र फोरमको प्रदेश २ मा संयुक्त नेतृत्वमा सरकार छ । राजपा त्यसमा सहभागी छ । प्रदेश नम्बर २ मा प्रदेशसभा र प्रतिनिधिसभा निर्वाचनको लागि फोरम र राजपाको गठबन्धन नै थियो । प्रादेशिक सरकारको संविधान संशोधनमा कुनै भूमिका छैन । प्रदेशसभाको कुनै अर्थपूर्ण सम्बन्ध संविधान संशोधनसँग हुँदैन । प्रदेश सरकारको काम विकास, निर्माण र समृद्धिमा अगाडि बढ्ने हो । प्रदेशका जनताले दिएको म्यान्डेट अनुसार फोरम र राजपाले प्रदेश २ मा सरकार गठन गरेका हुन् प्रदेश सरकारमा सहभागी हुनुको अर्थ नेपाल सरकारमा सहभागी हुनु होइन । त्यसैले प्रदेश २ मा यी दुई दलले सरकार सञ्चालन गरे पनि त्यसको भूमिका संविधान संशोधनसँग छैन ।

एकातिर राजपाले खुला रूपमा नै संविधान दिवसको विरोध गरेको छ भने अर्कातिर नेपाल सरकारलाई समर्थन पनि दिइरहेको छ भनेर टिकाटिप्पणी हुनु स्वभाविक हो । तर राजनीतिक रूपमा हेर्ने हो भने राजपाले नेपाल सरकारलाई समर्थन दिनुको कारण पनि त संविधान संशोधन गर भनेरै हो । फोरम नेपाल सरकारमै सहभागी भइसकेको र उसले संविधान दिवसको विरोध गर्ने अवस्था नैतिकताको आधारमा रहेन र समर्थन पनि गर्न सकेन । प्रकारान्तरले यो विरोधप्रतिकै झुकाव । फोरम सरकारमा सहभागी हुनु र राजपाले सरकारलाई समर्थन दिनुको एउटै कारण संविधान संशोधन गर्नु नै हो ।

**० संविधान दिवसको सन्दर्भमा राजपा र फोरम दुवैको स्ट्यान्ड ठिक थियो त ?**

– उनीहरूको क्रियाकलापलाई हेरेर मैले त विश्लेषण मात्र गर्ने हो । ठिक छ कि बेठिक छ भनेर मैले भन्न मिल्दैन ।

**० संविधानको रक्षा गर्छौं, पालन गर्छौं भनेर दुवै पार्टीका सांसदहरूले सपथ ग्रहण गरेका छन् । अनि यहि संविधानको विरोध गर्नु कति जायज हो ?**

–केन्द्रका मन्त्रीदेखि, प्रदेशका सदस्यहरू सबैले यो संविधानअन्तर्गत सपथ खाएका छन् । तर सपथको अर्थ यो संविधान जस्तो छ त्यसैलाई स्वीकार गर्छौं भन्ने होइन । संविधानको धारा २७४ ले यो संविधान संशोधन गर्न सकिन्छ भन्ने स्पष्टका साथ उल्लेख गरेको छ । संवैधानिक विकासको क्रममा भारतकै संविधान सन् १९५० मा जारी भएदेखिसन् २०१८ सम्म आइपुग्दा ११० पटक भन्दा बढी पटक संशोधन भइसकेको छ । नेपालकै अन्तरिम संविधान ९ वर्षको अवधिमा १२ पटक संशोधन भयो । संविधान परिवर्तनशील दस्तावेज हो । संशोधन भइरहने प्रक्रिया हो । यो संविधानअन्तर्गत रहेर सपथ खानुको अर्थ परिवर्तन र संशोधनलाई इन्कार गरेको भन्ने होइन ।

**० फोरमले सुरूमा संशोधन होइन पुनर्लेखन भन्दै थियो तर अहिले सरकारमा छ । यसरी भूमिकामा परिवर्तन हुनुलाई कसरी हेर्ने ?**

– राजनीतिमा शक्ति महत्वपूर्ण कुरा हुन्छ । त्यतिखेर जनताको शक्ति प्राप्त गरेर संविधान पुनर्लेखन नै गराउन सक्छु भन्ने फोरमलाई लागेको थियो । पछि निर्वाचनमा सहभागी भयो, जनताको अभिमत हेऱ्यो र देशको राजनीतिक शक्तिहरूको सन्तुलन हेरेपछि उसलाई पुनर्लेखन मेरो शक्तिबाट सम्भव छैन भन्ने लागेको हुनसक्छ । त्यसपछि आफ्नो अडानमा अलिकति लचक भएको हो भन्ने मलाई लाग्छ । रणनीतिक रूपमा समय सापेक्ष रूपमा एजेन्डा परिवर्तन गर्न सक्नुपर्छ । परिवर्तित अवस्था अनुसारको रणनीति फोरमले अपनाएको हो कि जस्तो मलाई लाग्छ ।

**० संविधान संशोधन भयो भने यसको श्रेय राजपालाई जान्छ कि फोरमलाई ?**

– सबैभन्दा ठूलो श्रेय जनतालाई जान्छ । कुन राजनीति दलले के गऱ्यो संविधान संशोधनको लागि भन्नु त राजनीतिक स्वार्थ मात्र हो । जनता सडकमा उत्रेका छन्, सहादत दिएका छन्, राजनीतिक दलले त सहजतापूर्ण वातावरण निर्माण गरिदिएको मात्र हो । संविधान संशोधन भएपनि नयाँ संविधान बनाउने क्रममा ती दल र ती दलले विश्वास गरेका क्षेत्रका जनताहरूको जुन अपेक्षा छ त्यस्तो संशोधन अहिले तुरून्तै त हुँदैन । संवैधानिक विकासको क्रममा पटक-पटक संविधान संशोधन गर्न सकिन्छ । त्यो संविधान संशोधनको मुद्दा उठाउने राजनीतिक शक्तिको अवस्था कस्तो छ, जनताको अभिमत कहाँ छ, नेता कति इमान्दार छन् भन्ने आधारमा भर पर्छ । अहिलेको सरकारले समृद्धिमा देशलाई अगाडि बढाउने भनिरहेको छ । त्यसको लागि पनि त संविधान संशोधनको आवश्यक्ता छ । पछाडि परेका र पारिएका समुदायलाई संविधान संशोधन मार्फत मूल प्रवाहमा नल्याई त समृद्धिको पथमा हामी अगाडि बढ्न सक्दैनौं ।

**० सरकारले संविधान संशोधनका लागि विश्वासको वातावरण बनाउने देख्नुहुन्छ ?**

– सरकारले देश अब समृद्धिको दिशामा अगाडि बढ्छ भन्दै आएको छ । त्यसको लागि संविधान संशोधनको आवश्यक्ता जिवितै छ । व्यवहारिक रूपमा नै समृद्धिको दिशामा अगाडि बढेको अनुभूति गराउन सकेन भने असन्तुष्टि बढ्दै जान सक्छ । सहज, सौहाद्रपूर्ण वातावरणमा सबैको सन्तुष्टिलाई ध्यान दिएर अगाडि बढ्ने जिम्मेवारी भनेको सरकारकै हो ।

**० संविधान दिवसको अवसरमा जसरी देशभरी नै उल्लासमय वातावरण हुनुपर्ने थियो त्यस्तो भएको छैन । संविधान दिवसलाई सम्पूर्ण देशबासीले उल्लासमय रूपमा मनाउने वातावरण निमार्णका लागि कसको पक्षबाट कस्तो किसिमको भूमिका हुन्नुपर्छ ?**

– जिम्मेवारी त सरकारकै हो । संसदीय व्यवस्थामा संसदको नियन्त्रण पनि सरकारकै हातमा हुन्छ । नेपालको अहिलेको अवस्था हेर्दा संसदको दुई तिहाईको अंकगणित प्रधानमन्त्रीको नियन्त्रणमा रहेको छ । प्रधानमन्त्रीलाई कानुन बनाउन, संविधान संशोधन गर्न, बजेट निकास गर्न, समृद्धिको वातावरण बनाउन कुनै पनि शक्तिले रोक्न सक्दैन ।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

---

☞ संविधान जारी भइरहँदाको अवस्थामा पनि यसको विरोध कायम नै थियो, त्यतिखेर जुन किसिमको असन्तुष्टि र असहजता थियो अहिले संविधान जारी भएको तेस्रो वर्ष पूरा हुँदाखेरी पनि त्यो असहजता कायम नै रहेको छ ।

☞ यो तीन वर्षको समयले संविधानबाट असन्तुष्ट रहेका ठूलो वर्गलाई अझ सन्तुष्ट बनाउन सकेको छैन । यो सौहाद्रपूर्ण पक्ष होइन ।

☞ संविधान संशोधनका लागि कार्यदल गठन गरेर कुन धाराहरूमा के-के बुँदामा संशोधन गर्ने भन्ने सम्बन्धमा छलफलको प्रारम्भ पनि भएको छैन । यसरी हेर्दा जनतामा एक किसिमको अन्योलता र आशंका बढ्दै गएको देखिन्छ ।

☞ संविधान परिवर्तनशील दस्तावेज हो । संशोधन भइरहने प्रक्रिया हो । यो संविधानअन्तर्गत रहेर सपथ खानुको अर्थ परिवर्तन र संशोधनलाई इन्कार गरेको भन्ने होइन ।

# रौजा मजारको महत्व र ऐतिहासिकता



राकेश चौधरी

धार्मिक, ऐतिहासिक एवं पर्यटकीय नगरी जनकपुर तथा जलेश्वरसँगको समान दूरी अर्थात बढीमा २० किलोमिटरको दूरीमा छ, महोत्तरी जिल्लाको रौजा मजार । हिन्दू र इस्लाम धर्मावलम्बिले मान्ने सामुहिक चिहान , जहाँ महिला र पुरूषबीच कुनै धार्मिक, सांस्कृतिक एवं सामाजिक खाड्ल छैन । अर्थात रौजा मजार सबैले समान रूपमा ध्यान एवं पुजापाठ गर्ने स्थलको रूपमा परिचित छ ।

सीमित स्रोतसाधन रहेको यस मजारमा चादर चढाउन भारत, पाकिस्तान, बंगलादेश, मरिसस, मलेसिया, बहराइनसहितका बिभिन्न देशबाट धर्माबलिम्बहरू आउने गरेका छन् । भाकल पूरा भएका मात्र नभई भाकल राख्न समेत यहाँ श्रद्धालुहरू आउने गरेका छन् । गाउँ बिकास समिति-७ रौजा मजार शरीफ बिकास समितिका पूर्व अध्यक्ष ६२ बर्षीय मोहम्मद तसलिम शाह फकिरका अनुसार सोमवार र बिहीवार यहाँ पशुबली प्रदान गर्ने परम्परा रहेको बताए ।

मिथिला क्षेत्रमा मुस्लिम शासकले आफ्नै तरीकाले शासन संचालन गर्ने बेलामा धर्म प्रचारमा निस्केका इस्लाम धर्मका अनुयायी गदाली शाह, रहमअली शाह र बहारअली शाहको निधन भएको थियो । तीनै जना अनुयायीलाई यसै क्षेत्रमा तीन ठाउँमा सद्गत गरिएको थियो । तीनै ठाउँमा मजार बनाइएको छ । सोही समयदेखि यो ठाउँ हिन्दू र मुस्लिम धर्मावलम्बिको अन्तिम संस्कार गर्ने थलोको रूपमा समेत बिकास हुन गएको हो । अधिकांश जग्गामा इस्लाम धर्माबलम्बिले नै आफ्नो कब्रिस्तान बनाएका छन् । त्यही रातो नदीको किनारमा हिन्दू धर्माबलम्बिहरूले समसान बनाएको देखिन्छ ।

इस्लामा धर्मका यी अनुयायीहरू कहिले यस क्षेत्रमा आएको बारे कुनै ठोस प्रमाण छैन । मिथिला क्षेत्रको इतिहास अध्ययन गर्दा दिल्लीका सुलतान गयासुद्दिन तुगलकले आफ्नो पकड बनाएपछि इस्लाम धर्मको प्रचारप्रसार शुरू भएको थियो । स्थानीयका अनुसार यो मजार पाँच सय बर्ष अगाडिको हो ।

महिलाहरू मजारको भित्तामा डोग्ने गरेको देखिन्छ । धुप र अगरवत्ती बाल्ने, मिठाई तथा मासुजन्य प्रसाद चढाउने गरेको समेत यहाँ देखिन्छ । मजारमा चादर लिएर नआएकाहरूलाई समितिले सय रूपैयामा चादर उपलब्ध गराउने गरेको देखिन्छ ।

राणाकालमा ५२ बिग्हामा फैलिएको यो धार्मिकस्थल अहिले साढे नौ बिग्हामा साँगुरिएको छ । केही बर्ष अगाडि मात्रै दुई बिग्हा जग्गा खरिद भएको थियो । दोस्रो जनआन्दोलन पश्चात यस क्षेत्रको बिकास लागि पर्यटन मन्त्रालय लगायतका ठाउँबाट १८ लाख तथा जिल्ला बिकास समिति अन्तर्गत मुस्लिम उत्थान कार्यक्रम अन्तर्गत छ लाख रूपैया सहयोग प्राप्त भएको छ । मासिक आम्दानी कम्तीमा सवा लाख रूपैया रहेपनि रौजा मजार शरीफ बिकास समितिसँग ठोस योजना रहेको देखिएको छैन ।

स्थानीय ७२ बर्षीय रामअशिष राउतका अनुसार सय बर्ष अगाडिसम्म यस ठाउँमा हिन्दूहरूले मात्रै सेवा गरिरहेपनि अहिले रेखदेख तथा धार्मिक कार्य सम्पन्न गराउने जिम्मेवारी इस्लाम धर्मावलम्बिहरूले लिएका छन् । आफ्नै पूर्वजद्वारा यो चिहानमा पुजापाठ शुरू गरेका दावी गर्दै संकटमा परेका एक ब्यक्तिको स्वप्न आई आफ्नो मजारमा पुजापाठ र चादर चढाए मनोकामना पूर्ण हुने भनेपछि सोही बमोजिम भएको देखेपछि यहाँ धार्मिक कार्य शुरू भएको राउतको कथन छ । पहिला फुसको घर रहेकोमा सो पक्कीमा परिणत भइसकेको छ । मजार नजिकै धर्मशाला बनाइएको छ । मजारमा चादर चढाउन एवं पुजापाठ गर्न हिन्दू धर्मावलम्बिलाई कुनै किसिमको रोकटोक छैन । स्थानीय महिलाका अनुसार मजारमा आउँदा शान्तिको अनूभूति हुने गर्दछ ।



**सीमित स्रोतसाधन रहेको यस मजारमा चादर चढाउन भारत, पाकिस्तान, बंगलादेश, मरिसस, मलेसिया, बहराइनसहितका विभिन्न देशबाट धमावलम्बीहरू आउने गरेका छन्। भाकल पूरा भएका मात्र नभई भाकल राख्न समेत यहाँ श्रद्धालुहरू आउने गरेका छन्।**

### 'शैतान/भूत' भगाउने कुरा

महोत्तरीको सोनामाई, पडौल स्थानसहितका बिभिन्न धार्मिक स्थलहरूमा भूत भगाउने गरिएको कुरा अब नौलो रहेन । त्यही सेरोफेरोमा सुनिन्छ करबलाहको नाम । जून अहिलेको नौलो बिषय बनेको छ । मजार नजिकै छ 'करबलाह' । एउटा रूखको जरा नजिकै कब्र जस्तै घर छ । त्यसमा काठको सानो झ्यालजस्तो छ । झ्यालको बीचमा एउटा प्वाल बनाइएको छ । जसमा श्रद्धालुहरूले गच्छे अनुसारको रकम त्यसमा खसाउने गर्छन ।

यो ठाउँमा शैतान/भूत, प्रेतले प्रताडित भएकाहरू आउने गरेको सुनिन्छ । जलेश्वरका नइम अंसारीका अनुसार शैतानी शक्तीबाट छुटकारा पाउन बिभिन्न ठाउँबाट ब्यक्तिहरू यहाँ आउने गर्छन । यस बिषयमा समेत अध्ययन हुन नसकेको देखिन्छ ।

### खानेपानी, शौचालय र सडकको अभाव

रौजा मजारमा प्रत्येक बर्ष चैत नवमीकै सेरोफेरोमा उत्सव मनाउने गरिन्छ । जलसा हुन्छ । बिभिन्न प्रवचन सुनिन्छ । बिभिन्न देशबाट श्रद्धालुहरू आउँछन, रमाउँछन र जान्छन । तथापि चाहिने जति पानीको सुविधा छैन । अभावै अभावमा मेला सम्पन्न हुन्छ । एउटा ठुलो पानी ट्याङ्की र ठाउँ ठाउँमा चापाकल/धारा भएको भए पक्कै पनि अभाव टर्ने थियो ।

यस क्षेत्रमा सार्वजनिक शौचालयको समेत अभाव देखिन्छ । धार्मिक पर्यटनको कुरा गरिरह्ने समितिको ध्यान समेत यस तर्फ गएको देखिएको छैन । जनकपुरबाट लोहारपट्टि तथा जलेश्वरबाट धमौरासम्म सिजनल सार्वजनिक यातायात चल्नुको एउटै कारण छ, सडकमा पैदल हिड्न समेत कठिनाई हुनु । बर्षैभरि चल्ने सडकको आवश्कता उत्तिकै देखिएको छ भने रौजा मजारसम्म आइपुग्न लोहारपट्टि जोड्न नदीमा पुल उत्तिकै आवश्यक छ ।

जलेश्वरबाट रौजासम्मको सडकमा करौडौं खर्चिदा समेत बर्षभरि सार्वजनिक सवारीसाधन चल्ने सडक बनाउन नसकिएको चितो सत्य सुनिदिने मान्छ नै छैन । दुई धर्मबीच सेतुको काम गरिरहेको यो रौजा मजारको बिकासका लागि सबैको सहयोग उत्तिकै आवश्यक छ ।

# मातृभाषामा शिक्षा दिने व्यवस्थासहितको विधेयक पारित

काठमाडौं । प्रतिनिधिसभाको भाद्र ३० गतेको बैठकले नेपाल सरकारले संविधानको धारा ३१ को उपधारा ५ बमोजिम मातृभाषामा शिक्षा लिन पाउने नेपाली जनताको मौलिक हक कार्यान्वयनको सन्दर्भमा बनेको विधेयक संशोधन सहित पारित गरेको छ । जनताको भाषिक अधिकारको सन्दर्भमा विधेयकमा रहेको पुरातन तथा यथास्थितिवादी दफाहरूको संशोधनको पहल सङ्घीय समाजवादी फोरम, नेपालका सहअध्यक्ष तथा प्रतिनिधिसभा सदस्य माननीय सांसद राजेन्द्र प्रसाद श्रेष्ठले गरेका थिए ।

सांसद श्रेष्ठले मातृभाषाको माध्यमबाट शिक्षा दिनुपर्छ र त्यसको जिम्मेवारी राज्यले नै लिनुपर्छ भन्ने मुख्य बुँदा सहित ५ बुँदे संशोधन प्रस्ताव दर्ता गराएका थिए । त्यस बाहेक अनिवार्य तथा निशूल्क शिक्षा लगायत यस विधेयकका विभिन्न विषयहरूमा अरू ३२ वटा संशोधन प्रस्ताव समेत दर्ता भएको थियो । त्यसको प्रतिफल स्वरूप प्रतिनिधिसभामा संशोधनसहित शिक्षा विधेयक प्रस्तुत भयो । तर त्यसमा समेत संशोधन प्रस्तावमाथि शिक्षा समितिमा छलफलको क्रममा सहमती भइसकेको राज्यले दायित्व लिने कुरालाई बंग्याएर प्रस्तुत गरेपछि पुनः श्रेष्ठले संसदमा त्यसको विरोध गरी सहमती अनुरूप विधेयक सच्याउन माग गरे ।

उनले प्रतिनिधिसभामा बोल्दै सङ्घीय व्यवस्था कार्यान्वयनमा गएपछि बनेको सरकारले समेत संस्कृत शिक्षाको दायित्व सरकारले लिने तर मातृभाषामा शिक्षा दिने जिम्मेवारी लिन नपर्ने गरी संसदमा अनिवार्य तथा निशुल्क शिक्षा विधेयक दर्ता गराएकोमा सरकारको सङ्घीयताविरोधी चरित्र उदाङ्ग भएको बताए । उनले विधेयकले आगत हेर्नु पर्नेमा विगत हेरेको बताए ।

विधेयकमा मतदान हुनुभन्दा अगाडी सांसद श्रेष्ठले प्रस्तावित विधेयक समाजवादउन्मुख भए पनि सङ्घीय शिक्षा नीतिअनुरूप नआएको हुँदा सङ्घीय शिक्षा नीतिमा बाँकी कुरा समेट्न समेत अनुराध गरे । त्यसपश्चात संसदसमक्ष शिक्षामन्त्रीले नेपाल सरकारले नै विद्यालयको स्थापना र सञ्चालन गर्ने व्यवस्था मिलाउने प्रतिबद्धताका साथै माध्यमिक तहसम्मको शिक्षाका अधिकार स्थानीय तहको भएकोले प्रदेश र स्थानीय सरकारले पनि आवश्यक कानुन बनाउन सक्ने बताउनु भयो । त्यसपश्चात प्रतिनिधिसभाले शिक्षा विधेयक संशोधन सहित पारित गरेको छ ।

स्मरणीय छ यस अधि नेता श्रेष्ठले विकासको नाममा बिनामुआब्जा र क्षतिपूर्ति जनतालाई निजको आवासबाट हटाउन सक्ने गरी आएको आवासको अधिकार सम्बन्धी विधेयकमा पनि संशोधन दर्ता गरी संवैधानिक सर्वोच्चता र कानुनी राजको लोकतान्त्रिक मूल्य र मान्यताको पक्षमा विधेयक संशोधन गराएका थिए ।

# दाइजोको निहुँमा महिलाको हत्या

रौतहट । दाइजोको निहुँमा रौतहटमा एक महिलाको हत्या भएको छ । स्थानीय गरूडा नगरपालिका वडा नम्बर ६ पोठियाही निवासी २१ वर्षीय सुधा देवी साहको हत्या भएको हो । ससुरा राम ईश्वर जैसवाल, श्रीमान उपेन्द्र जैसवाल र सासु मिलेर छोरीको हत्या गरेको मृतकका बूबा देवाही गोनाही नगरपालिका वड़ा नम्बर ३ निवासी लालबाबू साहले आरोप लगाएका छन् । मइतीघरबाट ५ दिन पहिला ससुरालीघर गएकी छोरीले असोज २ गते फ़ोन गरी भेट्न आउनु पर्छ भन्दा भेट्न जाँदा छोरी सित भेट्न नदिएको साहले बताए । आखाबाट आशु झार्दै साहले भने विरामी छू बूबा आउनु पर्छ भने छोरी बुधवार आफ्नै घरमा मृत अवस्थामा भेट्यो । सासु ,ससुरा ,र श्रीमानले मिलेर हत्या गरेको हुदा कार्यवाही गर्न सम्वन्धित निकाय संग मांग गरे । तीन वर्ष पहिला सामाजिक परम्परा अनुसार विबाह गरेको छोरीलाइ दाइजो नदिएको भन्दै यातना दिदै आएको र सासु ससुराले विष खुवाएर हत्या गरिदेउ भन्दै आएको पीड़ित साहले सुनाए ।

घटना भएको दिन विहान ८ बजेको समय मा जवाई उपेन्द्र साहले मोटर साइकल दिनु बाहिर काम विशेषले जानू पर्ने भन्दै मेरै मोटर साइकल लिएर फरार भएको बताएका छन् । छोरीको हत्या गरेर सवै जना घर छोडेर फरार भएका छन् । घाटीमा डोरीको डाम रहेको छ । हत्या गरेर आत्म हत्याको संज्ञा दिन खोजिएको मृतकका पिताले दावी गरे । मृतक महिलाको शव परिक्षणको लागि जिल्ला अस्पताल गौरमा राखिएको छ । घटनाको सम्वन्धमा अनुसन्धान भैरहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# रूख कटान नगर्न ध्यानाकर्षण

काठमाडौं । प्रतिनिधिसभाको आजको बैठकको विशेष समयमा सांसद हृदयेश त्रिपाठीले बाराको निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) नबनाई रूख कटानको काम शुरू नगर्न सरकारको ध्यानाकर्षण गराएका छन् । उनले नेपाली सेनालाई थप व्यावसायिक बनाउँदै उच्च मनोबलयुक्त बनाउन र चाडबाडका समयमा चिनीलगायत खाद्यान्नको सर्वसुलभ व्यवस्था मिलाउन आग्रह गरे । सांसद उमाकान्त चौधरीले निजगढ विमानस्थलको लगानीको सुनिश्चितता गरेर मात्र निर्माण अगाडि बढाउन सरकारसित माग गर्दै हचुवाका आधारमा रूख कटानी गर्नुहुँदैन भने । सांसद राजेन्द्रकुमार केसी र यज्ञराज सुनुवारले बेलायती सेनामा कार्यरत गोर्खा सैनिकलाई समान निवृत्तिभरणको व्यवस्थाको पहल गर्न सरकारको ध्यानाकर्षण गराए । सांसद महेश बस्नेतले बलात्कारपछि हत्या गरिएकी कञ्चनपुरकी १३ वर्षीया निर्मला पन्तको हत्याराको पहिचान गरी कारवाहीको दायरामा ल्याउन सरकारले उच्च प्राथमिकता दिएको बताए । सांसद डिला सङ्ग्रौलाले पेट्रोलियम पदार्थमा गरिएको मूल्यवृद्धि फिर्ता लिन माग गरे ।

## मधेश अपडेट

### संशोधन नभएसम्म विरोध जारी रहने : महतो

कैलाली । राष्ट्रिय जनता पार्टी नेपालका अध्यक्षमण्डलीय नेता राजेन्द्र महतोले यो संविधानमाथिको विरोध जारी रहने बताएका छन् । कैलालीमा बुधबार आयोजित पत्रकार सम्मेलनलाई सम्बोधन गर्दै उनले अहिलेको अवस्थामा आफूहरूले संविधान दिवस मनाउन नसक्ने स्पष्ट पारेका छन् । महत्तोले मधेशीलगायत पछाडि पारिएका समुदायका माग पूरा गर्नुपर्ने बताउँदै यो देशमा दुई थरीका व्यवहार भइरहेको टिप्पणी गरेका छन् । अहिलेको सरकार नश्लवादी भएको भन्दै महतोले प्रधानमन्त्री केपी शर्मा ओली सरकारले आफूहरूका माग पूरा गर्ने आश्वासन दिएकाले अहिलेसम्म पर्खेको बताए । उनले कैलाली घटनालगायत तराई-मधेशका जिल्लामा प्रतिशोध साँधेर पक्राउ गरिएका नेता कार्यकर्ताको तत्काल रिहाईको माग समेत गरे । पत्रकार सम्मेलनमा अध्यक्षमण्डलका अर्का सदस्य अनिल झाले संविधानमा भएको सीमाङ्कन आफूहरूलाई मान्य नभएको बताए । उनले टीकापुर घटनामा संलग्नताको आरोपमा पक्राउ गरिएका सांसद रेशम चौधरीलाई अपराध पुष्टि नभएसम्म शपथ ग्रहण गरी संसदमा भाग लिने अवस्था राज्यले बनाउनु पर्नेमा जोड दिए । झाले भने, 'अहिलेको सरकारले मधेश मुद्दा र पहिचान अधिकारसहितको यो संविधानमा उल्लेख गर्नुपर्छ ।'

### परिषद्ले जलायो संविधान



वीरगन्ज । तराई मधेश राष्ट्रिय परिषद्द्वारा वीरगंजको घण्टाघरचौकमा अशोज ३ गते लाई कालो दिवसको रूपमा मनाउने क्रममा र अधिकारको लागि शहादत प्राप्त शहीदहरूको सम्झनामा श्रधान्जली सभामा फुल अविर चढाई दीप प्रज्ज्वलन गरि शहिदहरूलाई नमन र श्रधान्जली अर्पण गरिएको छ । साथै, अधिकारकर्मीहरूले नेपालको विभेदित र नश्लीय संविधान भएको भन्दै जलाएका छन् । संविधान जलाउने क्रममा वरिष्ठ राजनीतिक विश्लेषक सिके लाल, वरिष्ठ लेखक खगेन्द्र संग्रौला, लेखक युग पाठक, विश्लेषक भाष्कर गौतम, पूर्व राजदुत विजय कान्त कर्ण, प्रध्यापक डा. कृष्ण हतेचु, वरिष्ठ पत्रकार चन्द्र किशोर, अधिवक्ता शंकर लिम्बु, वरिष्ठ पत्रकार राजेन्द्र महर्जन, अधिकारकर्मी दर्गा सोब, स्तम्भकार सुमन मण्डल, विश्लेषक तुला नारायण साह, अधिकारकर्मी राकेश मिश्रा लगायत देशका दर्जनों अधिकारकर्मी र अभियन्ताहरूको सहभागिता थियो । कार्यक्रममा परिषदका सदस्य प्रकाश थारू, ओम प्रकाश सर्राफ, भरत साह, मनी झा, लक्ष्मण सर्राफ, शशी यादव लगायत सैकड़ो स्थानियवासीहरूको सहभागिता थियो । कार्यक्रम परिषदका सदस्यद्वय अधिवक्ता आनन्द गुप्ता र समाजिक अभियन्ता सरोज रायको संयोजकत्वमा सम्पन्न भएको थियो । यसका साथै काठमाण्डौ स्थित माइतिघर मण्डलामा ट्ल्क्ष् द्वारा आयोजित कालो दिवस र श्रधान्जली सभाको कार्यक्रमलाई विथोल्दै प्रहरीले १७ जना परिषदको सदस्यलाई हिरासतमा लिएका छन् । मधेशको विभीन्न जिल्ला लगायत भारतको चण्डीगढ समेतमा ट्ल्क्ष् द्वारा कालो दिवस मनाइएको छ ।

### वृद्धि गरेको कर घटाउने

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाले नयाँ शीर्षकमा बढाएको कर घटाउने भएको छ । जनकपुरधाम उपमहानगरमा प्रमुख र उपप्रमुख राजपा नेपालका प्रतिनिधिहरूहरू छन् । राजपाले कुनै किसिमको नयाँ कर नलिन निर्देशन दिएको थियो । कर वृद्धिको विरूद्धमा नेपाली कांग्रेस नगर समितिले आन्दोलनसमेत गर्दै आएको थियो । उपमहानगरले वृद्धि गरेका कर घटाउने सहमति भएको छ । नेपाली कांग्रेस नगर समिति, उद्योग वाणिज्य संघ र उपहमहानगरपालिकाका पदाधिकारीबीच शनिबार भएको छलफलबाट सो सहमति भएको हो । उपमहानगरपालिका र नेपाली कांग्रेस नगर समितिबीच भएको सहमतिअनुसार वृद्धि गरिएका करको अध्ययन गरी संशोधनको प्रक्रिया अगाडि बढाइने जनाइएको छ । नगर समितिका सभापति मनोज साहले उपमहानगरपालिकाको आर्थिक ऐन, २०७५ ले निर्धारण गरेका कर, गैरकर तथा सेवा शुल्कका दरमा संशोधन प्रयोजनका लागि यथाशीघ्र कार्य प्रक्रिया अघि बढाई कार्यान्वयन गर्ने दुवै पक्षबीच सहमति भएको बताए । छलफलमा नगरप्रमुख लालकिशोर साह, उपप्रमुख रीताकुमारी मिश्र, नेपाली काङ्ग्रेसका पदाधिकारी र उद्योग वाणिज्य सङ्घका महासचिव जितेन्द्रकुमार महासेठको सहभागिता रहेको थियो ।

### तमरा अभियानले जलाए संविधान

रौतहट । तराई मधेश राष्ट्रिय अभियानका नेता कार्यकर्ताहरूले मधेश विरोधी संविधान भएको भन्दै सदरमुकाम गौरस्थित मधेशी क्रान्ति चौकमा नेपालको संविधान २०७२ लाई जलाएका छन् । मधेशी जनतालाई हक् अधिकारबाट वंचित गरी बल जवर्दस्ती मधेशी माथि लादिएको संविधान स्वीकार्य नहुने बताउँदै काला संविधान संशोधन नगरिएसम्म मधेशमा संविधान दिवस नमनाउने अभियानका नेता ललित मल्लिकले बताए । अधिकारको माग गर्दा टाउको र छातीमा गोली हान्ने खसवादी शासकवर्गले जारी गरेको विभेदकारी संविधान मधेशी जनजाति आदिवासी, दलित, मुस्लिम, अल्पसंख्यक, सीमान्तकृत वर्ग, पिछडावर्गको अधिकार समावेश नगरे कुनै पनि हालतमा हामीले यस काला संविधानलाई मान्दैनौं अभियानका कार्यकर्ताले उद्घोष गरेका छन् ।

### "समृद्धिको आकांक्षा सम्बोधन गर्ने बेला आयो"

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश ५ का मुख्यमन्त्री शंकर पोखरेलले अधिकारमुखी आन्दोलन छाडेर समृद्धिको जनआकाक्षा सम्बोधन गर्ने बेला आएको बताएका छन् । वुटवलमा भएको प्रदेशस्तरीय संविधान दिवस समारोहलाई बुधबार सम्बोधन गर्दै उनले नयाँ संविधानपछि मूलूक राजनितिक दुश्चक्रबाट बाहिर आएको बताए । संविधान अनुसार तीनै तहमा जननिर्वाचित प्रतिनिधिहरूले तहगत सरकारको नेतृत्व सम्हालेदेखि संघीयताको व्यवहारिक कार्यान्वयन शुरू भएको बताए । उनले प्रदेश सरकार योजनाबद्ध विकास गर्ने कोसीसमा रहेको बताए । उनले यो बर्ष प्रदेशको आवधिक योजना तर्जुमा गर्ने र आवश्यक कानुनहरू निर्माण गर्ने बर्षको रूपमा अघि बढाउने बताए । मुख्यमन्त्री पोखरेलले संविधानले सोहीबाटोतर्फ अघि बढ्न निर्देश गरेको भन्दै राष्ट्रिय एकता र अखण्डता कायम गर्दै अघि बढ्ने प्रण गरे ।

### बुद्धभूमि बालविवाहमुक्त वडा घोषणा

मणि प्रसाद गैह्रे, कपिलवस्तु । संविधान दिवसको अवसरमा पारेर बुद्धभुमी नगरपालिकाको वडा नं १ लाई वालविवाह मुत्त वडा घोषणा गरिएको छ । वडामा गरिएको सर्वेक्षणमा ९५ प्रतिशत वढि वडा वासिहरूको विवाह २० वर्ष पुगेपछि मात्र भएको तथ्यांक आएकोले वडालाई वालविवाह मुत्त वडा घोषणा गरिएको वडा अध्यक्ष तेज बहादुर वस्नेतले बताए । वडाको शैक्षिक, सामाजिक अवस्थामा सुधार ल्याउने विभिन्न कार्यक्रम र सचेतना मुलक कार्यक्रम गरिएको वडालाई घोषणा गर्न सफल भएको समेत बताए । साथै यस अघि वडालाई पुर्ण साक्षर, पुर्ण भर्ना तथा पुर्ण खोप वडा समेत घोषणा गरिएको अव तत्काल वालमैत्री वडा घोषणा गर्न तयारी गरिएको समत उक्त सभामा वडा अध्यक्ष वस्नेतले जानकारी गराए । कार्यक्रमा वोल्दै नगरपालिकाका नगर प्रमुख केशव कुमार श्रेष्ठले नगरपालिकले लिएको निति अनुसार विस्तारै विभिन्न वडाहरू वालविवाह मुत्त वडा तथा पुर्ण भर्ना वडा भैरहेको बताए ।

### जिम्मेवारी र कर्तव्य निर्वाह गर्नुपर्छ : मुख्यमन्त्री

कैलाली । प्रदेश नं ७ का मुख्यमन्त्री त्रिलोचन भट्टले ठूलो त्याग, बलिदान र सङ्घर्षबाट प्राप्त नेपालको संविधानको प्रभावकारी कार्यान्वयनका लागि सबैले सकारात्मक सोचका साथ अघि बढ्नुपर्ने बताएका छन् । संविधान दिवसका अवसरमा आयोजित समारोहमा उनले भने, "मुलुकको विकास र समृद्धिका लागि संविधानको प्रभावकारी कार्यान्वयनमा सबैले सकारात्मक सोच राखेर आ आफ्नो जिम्मेवारी र कर्तव्य निर्वाह गर्नुपर्दछ ।" मुख्यमन्त्री भट्टले मुलुक नयाँ अभ्यासमा जाँदा केही समस्या र जटिलता देखिनु अस्वभाविक नभएको उल्लेख गर्दै "जनताका सबै अधिकारको प्रत्याभूति गरेको नेपालको संविधान अग्रगामी र उत्कृष्ट छ ।"

### आवासको बन्दोबस्त गर्ने घेषणा

मोरङ । मोरङको पथरीशनिश्चरे नगरपालिकाले कहीँ जग्गाजमीन नभएर नगरभित्र घरबारविहीन भएकाको आवासको बन्दोबस्त गर्ने घोषणा गरेको छ । संविधान दिवसका अवसरमा नगरपालिका कार्यालयले आयोजना गरेको कार्यक्रममा बोल्दै नगरप्रमुख दिलीपकुमार राईले सो घोषणा गरेका हुन् । कहीँ जग्गाजमीन नभएर घरबासको समस्या भएकाको पहिचान गरी एकै ठाउँमा बसोबासको व्यवस्था गर्न आवास क्षेत्र खडा गरिने उनले बताए । सोही कार्यका लागि नगरपालिकाले चालू आर्थिक वर्षमा रू १५ लाख विनियोजन गरेको उनले जानकारी दिए ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी 

# संविधानप्रतिको अपनत्व र वैधानिकता



संगीता रेग्मी

> हेला, रंगभेद, घृणा र बदलाको भावनाले नेपालभित्र एकत्व हुन सक्दैन । एकत्व बिना अपनत्व हुन सक्दैन, अपनत्व बिना सहकार्य हुन सक्दैन, सहकार्य बिना शान्ति हुन सक्दैन र शान्ति बिना समृद्धि हुन सक्दैन ।

जनताले बनाएको संविधान लागू गर्न सिंगो देश लागेको छ । असमझदारी, फरक बुझाई र सुधारको खाँचो हुँदा हुँदै पनि यो संविधानले वैद्धता पाएको तीन वर्ष पुग्यो । संशोधन, पुनर्लेखन वा सुधारका सबै सम्भावना जिवितै छ । जनताको आवश्यकता र मुलुकको भविष्यलाई आधार बनाएर जहिले र जति पटक पनि संशोधन गर्न सकिन्छ । तर, संविधान संशोधनको बालहट गरेर मुलुकमा सामुदायिक दुरी, भावनात्मक प्रहार, नागरिकबीच बेमेल र मुलुकको अखण्डतालाई धरापमा पार्ने अधिकार कोहीसँग हुनुहुँदैन । संविधानको आडमा नेपाल र नेपालीलाई प्रहार गर्ने जो कोहीलाई पनि कानुनको दायरा ल्याएर कारवाहीको पात्र बनाउन सक्नुपर्छ ।

नेपाललाई संघीय लोकतान्त्रिक गणतन्त्र सहितको व्यवस्थामा संविधान लागू गराउन लाखौं नेपालीले आफ्नो जन धनको आहुति दिएका छन् । पटक-पटकको आन्दोलनमा नेपालीहरू मारिएका छन् । हिंसात्मक राजनीति र क्षेत्रीय चिन्तनका कारण नेपाल भावनात्मक रूपमा क्षतविक्षत पनि भएको छ । राजनीतिको नाममा जातीय, क्षेत्रीय, वर्गीय र धार्मिक कारोबारहरू पनि नफस्टाएको होइन । अधिकारको नाममा गैरराजनीतिक पात्रहरू मारिएका छन् । हजारौं सिन्दुरहरू पुछिएका छन्, सयौं काखहरू रित्तिएका छन् र राजनीतिक पीडितहरू असहज जीवन बिताउन समेत बाध्य छन् । यति धेरै त्याग, बलिदान र तपस्याका बाबजुद प्राप्त भएको संविधानमा गर्व गर्नुपर्ने आधारहरू पनि थुप्रै छन् । द्वन्द्वलाई राजनीतिक आधार मान्नेहरूको भिड बढ्दै गएका कारण संविधान भित्र रहेका असल कुराहरू असल नियतले जनसमक्ष पुग्न सकेन । कमसल कुराहरू खराब नियतले जनसमक्ष पुऱ्याएर नवीन घाऊहरू बनाएर नेपालीलाई नेपालीका विरूद्ध भिडाउने प्रयासहरू अविरल छ ।

राष्ट्रिय छवि र राष्ट्रिय संरचना बनाइसकेका संघीय समाजवादी फोरम र राष्ट्रिय जनता पार्टी नेपालले अब राष्ट्रिय चरित्र पनि बनाउँदै जानुपर्छ । नेपालभरीका प्रत्येक नेपालीका लागि साझा आस्था र साझा विश्वास प्राप्त गर्ने बाटोमा अब यी मधेश केन्द्रित दलहरू हिड्न थाल्नुपर्छ । असमझदारी र सुधारका सम्भावनालाई पनि ध्यानमा राखी समृद्ध नेपाल बनाउने र त्यसका लागि साझा नेपाली बनाउँदै जाने काममा पनि यी दलहरूको भूमिका अतुलनीय हुनसक्छ । प्रत्येक नेपालीले फोरम र राजपा नेपाललाई शंका र द्वेषरहित रूपमा हेर्न पाउने वातावरणको निर्माण पनि यिनै नेतृत्वले गर्न थाल्नुपर्छ । विमती हुँदैमा पद्धति नै सिध्याउने, मधेशी जनताको भावना विरूद्ध भूमिका खेल्ने वा मिलेर संघर्ष गर्ने र प्राप्तिमा एकाधिकार राख्ने कार्य बन्द गरिनुपर्छ । नेतृत्व साझा र उदाहरणीय हुँदै जान अब देश केन्द्रित राजनीति गर्दै जानुको विकल्प छैन ।

संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय पर्वकै रूपमा मनाइनुपर्छ । संविधानप्रति अविश्वास, घृणा, द्वेष वा नकारात्मकता फैलाउनु नेतृत्वको असक्षमता पनि हो । संविधानमा जे-जस्तो कुरा लेखिए पनि त्यसमा सुधार गर्दै जाने र देशभरीका जनतालाई घनत्व सहितको अपनत्व निर्माण गर्न सक्नुपर्छ । फरक मत हुनु नराम्रो होइन तर त्यसको प्रस्तुति शंकास्पद वा घृणात्मक हुनुहुँदैन । देश, संविधान वा व्यवस्थाप्रति फैलाइएको घृणा वा लगाइएको आगोले कुनै दिन आफ्नै व्यक्तित्व वा दल समाप्त गर्न सक्छ भन्ने कुरा मधेश केन्द्रित नेतृत्वले बिर्सनु हुँदैन ।

मधेशका सोझा र देशप्रेमी जनताको भावनालाई बङ्ग्याउने, उनका समस्यालाई हतियारको रूपमा प्रयोग गरेर सत्ताका लागि आधार तयार गर्ने, जनता मारेर जनप्रिय हुने कामहरू राजनीति होइन । कुनै पनि सर्तमा कुनै पनि नेपाली राजनीतिक आस्थाको आधारमा मारिनु हुँदैन, राजनीतिक व्यवस्थाका लागि मारिनु हुँदैन । यदि यस्तो कतै भइराखेको छ भने यो राजनीतिक हिंसा हो, आन्दोलन होइन । मधेश केन्द्रित नेतृत्व अब राष्ट्रिय व्यक्तित्व निर्माणमा लाग्नुपर्छ । सिंगो देश र सबै नेपालीका लागि राजनीति थाल्नुपर्छ ।

भौगोलिक रूपमा सानो र ऐतिहासिक रूपमा गौरवपूर्ण रहेको नेपाललाई साझा र समृद्ध बनाउन राष्ट्रिय सोच राख्न जरूरी छ । हेला, रंगभेद, घृणा र बदलाको भावनाले नेपालभित्र एकत्व हुन सक्दैन । एकत्व बिना अपनत्व हुन सक्दैन, अपनत्व बिना सहकार्य हुन सक्दैन, सहकार्य बिना शान्ति हुन सक्दैन र शान्ति बिना समृद्धि हुन सक्दैन । त्यसैले अब हरेक नेता र जनताले स्वीकार्यता सहितको सम्मानपूर्ण सहकार्य गरी नेपाललाई साझा, शान्त र समृद्ध बनाउनुपर्छ ।

# मधेशभर संविधान दिवसको विरोध

## फोटोफिचर




संविधान दिवसको विरोधमा राजपाले कपिलवस्तुमा निकालेको रैलीमा अध्यक्षमण्डलका नेता महेन्द्र यादवसहितका नेतागण ।



जनकपुरधाममा डा.सीके राउतको कार्यक्रममा ओर्लिएका जनसागर ।



संविधान दिवसको विरोधमा राजपाले रौतहटमा निकालेको रैलीमा नेतागण ।



वीरगन्जमा संविधान जलाउँदै तराई मधेश राष्ट्रिय परिषद्का सदस्यहरू ।



सुनसरीमा स्वतन्त्र मधेश गठबन्धनका नेताहरूलाई पक्राउ गर्दै सुरक्षाकर्मी ।



गौरमा संविधान जलाउँदै तराई मधेश राष्ट्रिय अभियानका नेतागण ।

## संक्षिप्त समाचार

### सविधान दिवसमा वृक्षरोपण

कपिलवस्तु । संविधान दिवसको अवसरमा कपिलवस्तु बहुमुखी क्याम्पस तौलिहवा परिसरमा वृक्षारोपण गरिएको छ । सो अवसरमा सांसद अभिषेक प्रताप शाहले सविधान दिवसको सक्षिप्त शुभकामना दिदै लोकतन्त्रको संस्थागत विकासको लागी सविधान अपरिहार्य भएको बताए । वर्तमान सरकारले लोकतन्त्रको रक्षा गर्नुको साटो अधिनायकवाद लाद्न खोजेको शाहले बताए । त्यस्तो कुनै पनि अधिनायक वाद र लोकतन्त्रविरूद्धबा कार्य नेपाली जनताले नसहने उनले बताए । कार्यक्रममा प्रमुख जिल्ला अधिकारी अर्जुन प्रसाद पोखरेल , सहयक प्रमुख जिल्ला अधिकारी रामेश्वर अर्याल , कपिलवस्तु नगरपालिकाका नगर प्रमुख किरण सिंह, क्याम्पस संचालन समितिका अध्यक्ष रामदास गुप्ता , क्याम्पस प्रमुख, सहायक क्याम्पस प्रमुख विनय पाण्डेय लगायतले वृक्षारोपण तथा सविधान दिवसको शुभकामना दिएका थिए । क्याम्पसका प्राध्यापक विद्यार्थी गरी सयौको उपस्थितीमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएको थियो । क्याम्पस परिसरमा २ सय वढि टिकका विरूवा रोपिएको क्याम्पसले जनाएको छ ।

### लम्साल सम्मानित

विराटनगर । जनार्दन मैनाली स्मृति पत्रकारिता पुरस्कारबाट पत्रकार गणेश लम्साल सम्मानित भएका छन् । पुरस्कारको राशि रू १५ हजार ५५५ छ । प्रेस चौतारी नेपाल र प्रेस सेन्टर नेपाल मोरङद्वारा संयुक्तरूपमा आज यहाँ आयोजित पुरस्कार वितरण समारोहमा प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्कीले उनलाई सो पुरस्कार प्रदान गरेका छन् ।

### बृहत् गुरूयोजनाको खाका तयार

गाईघाट । उदयपुर जिल्लाको मध्य पहाडी क्षेत्रको रौतामाई गाउँपालिकाको धार्मिक तीर्थस्थल रौता पोखरीलगायतका अन्य क्षेत्रको धार्मिक र पर्यटकीयस्थलका रूपमा विज्ञ र इञ्जिनियरको अध्ययनबाट दिर्घकालीन विकास गर्न रू १५ करोडको योजना प्रस्तुत भएको छ । सो गुरूयोजना सञ्चालनका लागि शनिबार रौतामाई गाउँपालिकाको मुर्कुची बजारमा एक कार्यक्रमबीच योजनाको खाका विज्ञसहितका टोली र गाउँपालिकाका अध्यक्ष गजेन्द्रबहादुर खड्काले प्रस्तुत गरे ।

### युनियनमा पुनः भण्डारी

कपिलवस्तु । नेपाल प्रेस युनियन कपिलवस्तु शाखाको छैठौं जिल्ला अधिवेशनले पुनः गोपाल भण्डारीको अध्यक्षतामा नयां कार्य समिति चयन गरेको छ । उपाध्यक्षमा खग प्रसाद चपाई, समावेशी उपाध्यक्षमा किरणमान बज्राचार्य, सचिवमा मणि प्रसाद गैह्रे, सहसचिवमा कृष्ण गैर र कोषाध्यक्षमा गुरूदेव पौडेल चयन भएका छन् । अधिवेशनको उद्घाटन गर्दै युनियनका अध्यक्ष बद्री सिग्देलले प्रेस स्वतन्त्रता र अधिनायकवाद लाद्न खोजेको सरकार विरूद्ध जनता र पत्रकारले खबरदारी गर्ने बताए । डर त्रासमा नरही पत्रकारहरूले कलम चलाउनु पर्ने र लोकतन्त्र र स्वतन्त्रताका लागि सधै खबरदारी गर्नु पर्ने बताए ।

### नेपालगन्जमा अस्ट्रेलियन शैक्षिक मेला

दिनेश ठाकुर, नेपालगन्ज । नेपालगन्जमा अस्ट्रेलियन शैक्षिक मेला सुरू भएको छ । असोज ३ गते नेपालगन्जमा अस्ट्रेलियाका १० वटा प्रतिष्ठान कलेज तथा विश्व विद्यालयहरू एकै स्थानमा विद्यार्थीहरूलाई परामर्श प्रदान गरिरहेको छ । अस्ट्रेलियन शैक्षिक मेलामा १५ सय विद्यार्थीहरूलाई परामर्श दिने मेलाको संयोजन गरिरहेको एक्सपर्ट एजुकेशन एण्ड भिजा सर्भिसेस्, नेपालगन्जले जनाएको छ । एक्सपर्ट एजुकेशनले समय समयमा नेपालगन्जमा अस्ट्रेलियन शैक्षिक मेला गर्दै आएको र त्यसको प्रतिफल पनि राम्रो देखिएको एक्सपर्टका शाखा प्रवन्धक इश्वरी प्रसाद आचार्यले जानकारी दिए ।

### तौलिहवामा कालो झण्डासहित विरोध प्रदर्शन

कपिलवस्तु । कपिलवस्तु जिल्लाको तौलिहवामा राष्ट्रिय जनता पार्टी नेपालले कालो दिनको रूपमा कालो झण्डासहित विरोध प्रदर्शन गरेको छ । संविधान संशोधनको माग गर्दै राजपा नेपालका नेता कार्यकर्ताहरूले विरोध प्रदर्शन गरेका छन् । २०७२ साल असोज ३ गते बन्दुकको नालमा मधेश र मधेशी जनताको हित विपरीतको विभेदकारी संविधान जारी गरिएको भन्दै त्यसको विरोध गरेका छन् ।

### गौरबाट दुई दर्जनभन्दा बढी पक्राउ

रौतहट । संविधान दिवसको विरोधमा नारा जुलुस गरिरहेका स्वतन्त्र मधेश गठबन्धनका दुई दर्जनभन्दा बढी नेता कार्यकर्ताहरू पक्राउ परेका छन् । रौतहटको सदरमुकाम गौरबाट प्रहरीले चन्दन सिंह, विनय वर्मा, श्याम किशोर यादव, विजय कुमार साह, नन्दकिशोर यादव, लालबाबु यादव, राजकुमार यादव, सिकिन्दर साह, नरेश प्रसाद कुशवाहा लगायत २९ जनालाई पक्राउ गरेको छ ।

### गाँजासहित पक्राउ

धनुषा । पर्सा सखुवा प्रसौनी गाउँपालिका-१ बस्ने ६० वर्षीय वाशुदेव प्रसाद महतोलाई अवैध लागू औषध गाँजा १५ के.जी सहित आइतबार प्रहरीले पक्राउ गरेको छ । मिथिला नगरपालिका(९ बडहरी चोकमा शंकास्पद अवस्थामा प्रहरीले उनलाई फेला पारी जाँच गर्दा उक्त लागू औषध फेला परेको हो । यस सम्बन्धमा प्रहरीले आबश्यक अनुसन्धान गरिरहेको छ ।

### पर्सा र दाङमा डुबेर दुईको मृत्यु

पर्सा । पर्सा र दाङमा आइतबार २ जनाको डुबेर मृत्यु भएको छ । डुबेर मृत्यु हुनेमध्ये पर्सा पकाहा मैनपुर गाउँपालिका-३ बस्ने ७० वर्षीय बाडु महतो छन् । उनको सोही स्थानमा रहेको गंगोल खोलामा डुबेर मृत्यु भएको हो । साथै दाङ घोराही उपमहानगरपालिका-१० स्थित जँवा खोलामा नुहाउने क्रमामा पानीमा डुबेर रोल्पा त्रिबेणी गाउँपालिका घर भएका खिमलाल नेपालीको ६ वर्षीय छोरा आरएन नेपालीको मृत्यु भएको हो । यस सम्बन्धमा स्थानीय प्रहरीले आबश्यक अनुसन्धान गरिरहेको छ ।

### करेन्ट लागेर मृत्यु

नवलपरासी (बर्दघाट सुस्तापूर्व) । देबचुली नगरपालिका-१३ बोटे टोल बस्ने ३६ वर्षीय बुद्धराम बोटेको करेन्ट लागेर मृत्यु भएको छ । सोमबार चिसो हातले टेलिभिजनमा तार जोडने क्रममा करेन्ट लागेर घाइते भएका बोटेको मेडिकल कलेज भरतपुर चितवनमा उपचारको क्रममा मृत्यु भएको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### हात्तीको आक्रमणबाट मृत्यु

पर्सा । ठोरी गाउँपालिका-४ बिजयबस्तीस्थित खाजा घरमा ३र४ महिना अगाडिदेखि काम गर्दै आएकी नुवाकोट घर भएकी २३ वर्षीया रेजिना वाईवाको हात्तीको आक्रमणबाट मृत्यु भएको छ । उनलाई सोमबार ठोरी गाउँपालिका-३ स्थित नयाँटोल सडकमा हात्तीले आक्रमण गरेको थियो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### सवारी दुर्घटनामा मृत्यु

कैलाली । लम्कीचुहा नगरपालिका-३ बल्चरस्थित राजमार्गमा से.१ ख ११८८ नम्बरको बसले साईकलयात्रीलाई शुक्रबार जोगाउने क्रममा बस पल्टेर दुर्घटना हुँदा सोही ठाउँ बस्ने १४ वर्षीय अनिल बादी, बसका सह-चालक कञ्चनपुर पुनर्वास नगरपालिका-३ का ३९ वर्षीय पसरूङ तामाङ सहित ८ जना घाइते भएकोले उपचारको लागि टिकापुर अस्पताल पठाइएकोमा अनिल बादी र पसरूङ तामाङको उपचारको क्रममा मृत्यु भएको हो । घाइतेमध्ये बैतडीका २० वर्षीय ज्ञानुप्रसाद जोशी र दार्चुलाका १९ वर्षीय बिक्रम बोहोरालाई थप उपचारको लागि मेडिकल कलेज कोहलपुर लगिएको छ । अन्य घाइतेको अवस्था सामान्य रहेको छ । फरार बस चालकको प्रहरीले खोजतलास गरिरहेको छ ।

### जलेश्वर कारागारमा बन्दीको मृत्यु

जलेश्वर । महोत्तरी जिल्लाको जलेश्वर कारागारका एक बन्दीको मृत्यु भएको छ । मृत्यु हुनेमा महोत्तरी जिल्लाको गौशाला नगरपालिका १२ लक्ष्मीनियाँ घर भई विसं २०७४ साल साउन १६ गतेदेखि उक्त कारागारमा बन्दी जीवन बिताउँदै आएका ४० वर्षीया रामनरेश शर्मा रहेको कारागार प्रमुख शोभेन्द्र ठाकुरले बताए । एपेन्डिसाइट्सका कारण पेट बेस्सरी दुखेपछि उनलाई जलेश्वरस्थित शान्ति सामुदायिक अस्पतालमा उपचारका लागि लगिएकामा राति ९ बजे उपचारकै क्रममा मृत्यु भएको उनले जानकारी दिए ।

# आवधिक तथा दीर्घकालीन विकास गुरूयोजना

चन्द्रकान्त खनाल, रूपन्देही । बुटवल उप-महानगरपालिकाले पहिलो वर्षलाई अध्ययनका रूपमा लिँदै अब समृद्धिको आधार वर्षका रूपमा महत्वपूर्ण कामहरू अगाडि बढाएको बताएको उपमहानगपालिका मेयर शिव सुबेदीले बताए । मंगलबार उप-महानगरपालिकामा पत्रकार भेटघाट कार्यक्रम गर्दै उपमहानगरपालिकाले ५ वर्षे आवधिक तथा १५ वर्षे दीर्घकालिन विकास गुरूयोजना तयार गरेको सार्वजनिक गरेको छ ।



गुरूयोजना निर्माणको निम्ति विज्ञ समूह, विषयगत विज्ञ उपसमूह, निर्देशक समिति र सल्लाहकार समिति गठन गरेर वडावासीहरू र विभिन्न सरोकारवाला निकायहरूसगं सुझाव संकलन समेत गरिएको प्रमुख शिवराज सुवेदीले बताए । 'यो चरण संगै विभिन्न विषयगत समितिहरूमा छलफल गर्ने काम सम्पन्न गर्दै तेस्रो नगरसभा बाट बुटवल उपमहानगरपालिकाको एकिकृत विकास गुरूयोजना पारित गरिएको छ' प्रमुख सुवेदीले नगर प्रोफाइल पार्श्वचित्र निर्माण गर्ने काम समेत सम्पन्न भएको वताए ।

**हिलपार्कमा विशाल बुद्ध मुर्ती बन्ने**

हिलपार्कमा विशाल बुद्ध मूर्ति साथै बुद्धिस्ट पार्क निर्माणका लागि सर्भे तथा जग्गा एकिन गर्ने काम सम्पन्न गर्दै डिपिआर तयार पार्ने काम भईरहेको नगरप्रमुख सुवेदीले वताए । यो बुद्धमुर्ती लुम्बिनीको मायादेवी मन्दिर परिसरबाटसमेत देख्न सकिने गरी डिजाइन भइरहेको बताइएको छ ।

यस्तै शिवनगर सामुदायिक बनमा रामपिथेकस जियोलोजिकल पार्क बनाउन सर्भे तथा जग्गा एकिन गर्ने काम भईरहेको छ । मिलनपार्कको विकासका लागि गुरूयोजना निर्माण गर्दै पूर्वाधार निर्माणको काम शुरू भएको छ ।

**जितगढीमा उजिरसिंहको शालिक र राष्ट्रिय झण्डा**

तत्कालिन अंग्रेज सेनालाई पराजित गरेको जितगढी किल्लामा कर्णेल उजिरसिंहको पूर्ण कदको शालिक बनाइएको भएको छ । जितगढी किल्लामा विशाल राष्ट्रिय झण्डा फहराउने गरी डिजाइन भइरहेको प्रमुख सुवेदीले वताए । यो कामको डिजाइन तयार पारी निर्माण कार्यका प्रक्रिया अगाडि बढाइएको छ । विभिन्न विज्ञहरूसंगको अन्तरक्रिया र छलफल मार्फत ऐतिहासिक धरोहर जितगढी किल्लाको संरक्षण र प्रर्वद्धन गर्न कार्यपालिकाको बैठकबाट बैशाख ७ गतेलाई जितगढी विजयोत्सवका रूपमा मनाउने ऐतिहासिक निर्णय गरीएको साथै जितगढी किल्लाको बारेमा पर्चा निर्माण गरी वितरण भईरहेको छ ।

**वडा १ र २ पुरातात्विक बस्ती**

बुटवल उपमहानगर वडा नम्बर १ र २ लाई पुरातात्वीक बस्तीको रूपमा विकास गर्न र बुटवल १ मा अवस्थित पुरानो नपा भवन भएको स्थानमा बटौली संग्राहलय निर्माण गरिने भएको छ । यो कामका लागि डिपिआर तयार पार्ने काम अगाडि बढाइएको छ । हिलपार्कमा जनजाति संग्राहलय र मोतिपुरमा थारू संग्राहलय निर्माणका लागि गुरूयोजना निर्माण गर्ने काम अगाडि बढाइएको प्रमुख सुवेदीले वताए । बुटवलको खास पहिचान नै पारि बुटवल (वडा १ र २ का क्षेत्र) मानिन्छ ।

**नरैनापुरमा भ्यू टावर बन्ने**

पशुपतिनाथको महिमासंग जोडिएको सेमलारको नरैनापुर धाम र त्यसक्षेत्रको काललाई जोडेर विशेष पर्यटकीय क्षेत्र बनाइने भएको छ । नरेनापुर भ्यू टावर निर्माण, पार्क निर्माण साथै सिमसार क्षेत्रको रूपमा विकास गर्ने अवधारणाको डिपिआर तयार पार्ने काम भैरहेको । साथै पार्क संरक्षणका लागि कम्पाउण्ड वाल निर्माण गर्ने काम भएको प्रवक्ता रामप्रसाद रेग्मीले वताए ।

नुवाकोट र बसन्तपुरलाई बुटवलको हिल स्टेशनका रूपमा विकास गर्न निजि क्षेत्रको सहकार्यमा केबलकारको अवधारणा अगाडि बढाइएको छ । यसका साथै तिनाउ गाउपालिकाको सहकार्यमा विकास योजना तयार पार्ने काम भईरहेको बुटवलले जनाएको छ ।

डिजिटल प्रणालीबाट बुटवल उपमहानगरपालिका क्षेत्र भित्रका करिब ४०,हजार भन्दा बढी घरहरूको डिजिटल प्रविधिमा आधारित घर नम्बरी□ गर्ने काम सम्पन्न भएको छ । निर्माण सामाग्रीको गुणस्तर परिक्षणका लागि आवश्यक उपकरणहरूको खरिद गरी प्रयोगशाला निर्माण गर्ने काम भइरहेको छ । अव्यवस्थित बसोबासलाई व्यवस्थित गर्न अव्यवस्थित बसोबास व्यवस्थापन तथा सार्वजनिक जग्गा संरक्षण कार्यदल गठन गर्दै करिब १६ हजार घरघुरीको लगत संकलन गरी अमिन मार्फत नापजाूच गर्ने प्रक्रिया अगाडी बढाईएको छ ।

**जवाईमा उजिरसिंह जवई रंगशाला बनाइने**

जवई खेल मैदानलाई फुटबल रंगशालाको रूपमा विकास गर्न डिपिआर सम्पन्न गरी निर्माण कार्य अगाडि बढाइएको छ । यो खेलमैदानका लागि उपमहानगरपालिकाले प्रदेश सरकारसंग समेत समन्वय गरिरहेको छ । प्रदेश सरकारले प्रदेश स्तरको एउटा खेल मैदान बुटवलमा पनि बनाउने घोषणा गरेको थियो । उपमहानगरले यहीँ मैदानलाई बनाउन प्रस्ताव गरेको छ ।

यस्तै सिद्वेश्वर, तामनगर, नहरपुर र सेमलार गरी ६ वटा खेलमैदान सम्याउने, फिलिङ्ग गर्ने, तारबार गर्ने, पर्खाल लगाउने र मैदानको वरीपरी हिडँडुल गर्न ट्रयाक बनाउने काम भएको छ । सेमलारमा आधुनिक कर्वडहल निर्माण र नगरका अन्य वार्डहरूमा स-साना खेलमैदानहरूलाई स्तरोन्नती गर्ने काम भईरहेको उपमहानगरपालिकाले जनाएको छ ।

**सामाजिक सुरक्षा तथा क्षमता विकास**

७० वर्ष उमेर पुरा भएका ज्येष्ठ नागरिक, अपाङ्गता भएका नागरिक र एकल महिला गरेर कूल ७,२ सय ७४ जना लाभग्राहीहरूलाई जनही अक्षेरूपी अक्षेरूपी दुई हजारं)का दरले चाडपर्व खर्च वितरण गर्नुका साथै ५ बर्ष मुनिका दलित बालवालिकालाई पोषण प्रोत्साहन कार्यक्रम अर्न्तगत जनही रू २,अक्षेरूपी दुई हजारं) प्रदान गर्ने काम सम्पन्न भएको छ ।

जेष्ठ नागरिक परिचयपत्र र सामाजिक सुरक्षा परिचयपत्र सम्बन्धित वडाबाट वितरण गर्ने, एकल महिलाहरूको तथ्याङ्क संकलन गर्ने, अपागं मैत्री शहर बनाउन अपाङ्गता भएका व्यक्तिहरूको तथ्याङ्क संकलन गरी कार्ययोजना निर्माण गर्ने र लैङ्गिक हिंसा मुक्त बुटवलको कार्ययोजना निर्माण गर्ने काम सम्पन्न गर्नुका साथै जेष्ठ नागरिक सम्मान कार्यक्रम अर्न्तगत ११ व्यक्तिहरूलाई ह्वील् चियर र २० जनालाई सेतो छडी प्रदान गर्ने काम सम्पन्न भएको छ।

नगर प्रमुख युवा इलम कार्यक्रम अर्न्तगत सरोकारवाला निकायहरूसंगको सहकार्यमा कोर्स डिजाइन गर्ने, वडा स्तरबाट तालिम लिन चाहने व्यक्तिहरूको छनौट गर्ने र तालिम प्रदायक संस्थाहरू संग सम्झौता गर्ने काम सम्पन्न गरी ३५० जना युवालाई ३ महिने सिपमूलक तालिम प्रदान गर्ने काम शुरू गरिएको छ। यसका अतिरिक्त करिब ५सय जनालाई कौसी तरकारी तालिम प्रदान गरिएको छ ।

# शहीद परिवारलाई दुधालु पशु दिइने : राज्यमन्त्री यादव




राकेश यादव, रौतहट । केन्द्रीय सरकारको कमाण्डबाट प्रादेशिक सरकारको मातहतमा आएका परिवर्तित जिल्ला कृषि ज्ञान केन्द्र रौतहटको एक कार्यक्रमबीच बिहीबार उद्घाटन गरिएको छ । तत्कालीन जिल्ला कृषि विकास कार्यालय संघीय संरचना अनुसार प्रादेशिक सरकारको मातहतमा आएपछि कृषि ज्ञान केन्द्रमा परिणत भएको हो ।

प्रदेश २ को कृषि, भूमि व्यवस्था तथा सहकारी राज्यमन्त्री योगेन्द्र राय यादवले ज्ञान केन्द्रको उद्घाटन गरेका हुन् । कार्यालय परिसरमा आयोजित उद्घाटन कार्यक्रममा प्रमुख अतिथिको आसन्नबाट सम्बोधन गर्दै राज्यमन्त्री यादवले ज्ञान केन्द्रको माध्यमबाट किसानहरूलाई वैज्ञानिक कृषि उत्पादनको विषयमा जानकारी दिइने बताएका छन् । प्रदेश २ को ८ जिल्लामध्ये रौतहटमा पहिलो पटक केन्द्रको उद्घाटन सम्पन्न भएको छ । रौतहट, बारा, पर्सा, धनुषा, सिरहा, सप्तरी, सर्लाही र महोत्तरीमा कृषि भूमि व्यवस्था तथा सहकारी मन्त्रालयअन्तर्गत रहेको ज्ञान केन्द्रको शुभारम्भ रौतहटबाट गरिएको बताउँदै राज्यमन्त्री यादव गरिबी न्यूनीकरणमा सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

उत्पादन बढाउन आधुनिक ढंगबाट वैज्ञानिक खेती आवश्यकता भएको उनले भने बाहिरी आयत नभएसम्म वर्षभरिको खाना पुग्ने छैन । मधेश आन्दोलनको शहीदको परिवारका लागि प्रदेश सरकारले प्रति परिवार एक दुधालु पशु दिइने योजना लागु भएको बताए ।

राज्यमन्त्री यादवले ३० हजार खोर निर्माणका लागि र ७० हजार रूपैयाँको दुधालु पशु दिइने कार्यक्रम रहेको बताउँदै यसका लागि १ करोड़ २५ लाख रूपैयाँ विनियोजन गरिएको बताए । प्रदेश २ को प्रत्येक जिल्लामा एक-एक वटा सित भण्डारण केन्द्र स्थापना गरिने उनले बताए ।

नेपाल कृषि प्रधान मुलुक भएकोले प्रदेश २ मुख्य कृषि उत्पादनको क्षेत्र भएकोले कृषिमा सरकारको ध्यान केंद्रित भएको उल्लेख गरे । कार्यक्रम जिल्ला समन्वय समितिको अध्यक्ष रामएकवाल राय यादवको सभापतित्वमा सम्पन्न भएको छ ।

# "दलित-दलितबीचसमेत छुवाछूत"

**राकेश प्रसाद चौधरी**

महोत्तरी, ३ असोज । विभेद तथा छुवाछूत अन्त्यको कुरा आउने वित्तिकै दलित एवं गैरदलितबीच मात्र नभई दलित दलितबीच समेत छुवाछूत रहेको कुराले बढी चर्चा र स्थान पाउने गर्छ । दुवै कुरा असत्य भने होइनन् ।

दलित समुदायभित्रै भेदभाव र छुवाछुत रहेको कुरा महोत्तरी र सिरहा जिल्लाका सोही समुदायका अगुवाहरूले स्विकार गरेका छन् । यस विषयको स्विकारोक्तीसँगै मुक्तिका लागि बहस थालेका छन् ।

महोत्तरीको एकडारा तथा सिरहाको सखुवानन्कारकट्टी गाउँपालिका दलितले आफ्नै समुदायमा रहेको भेदभाव अन्त्य गर्न संवादहरू गर्न थालेका छन् । दलित समुदायभित्रै दुसाध, मुसहर, खत्वे, डोम, हलखोर, धोवी, चमार, तत्मासहितका जाति भेदभाव र जातीय स्थान निर्धारण भएकोले भेदभाव भइरहेको छ ।

छुवाछूत नमानेको खण्डमा देउता रिसाउने भय र त्रासका कारण यसको अभ्यास निरन्तर रूपमा भइरहेको एकडारा गोनरपुरा टोलकी बबिता देवी दासले बताइन् ।

यस्तो अभ्यास सिरहाको सखुवानन्कारकट्टीमा समेत देखिएको साझा आवाज परियोजना फिल्ड अफिसर टिकाराम विश्वकर्माले बताए । दलित समूदायभित्रका जातिहरूले मान्ने देउताहरूबीच समेत समानता देखिएको छ । यी समुदायले हनुमानजी, बन्नी, गोरैया, पंचपीढिसहितका देउताहरूलाई आ-आफ्नो घरमा पुजा गर्नेगर्छन ।

एकडारा एवं सखुवानन्कारकट्टी गाउँपालिकामा रहेका मानवअधिकार रक्षक संजालका सदस्यहरूले एकसाथ दलित दलित तथा दलित गैरदलितबीचको विभेद एवं भेदभाव अन्त्यका लागि जनचेतनामूलक कार्यक्रमहरू गर्ने योजना बनाएको छ । एकडाराका मनजीत रामले दलित समुदायभित्रकै जातिका युवाहरूबीच मित लगाइए यसले छुवाछुत हटाउन मद्दत गर्ने बताए ।

दलित दलितबीचको छुवाछूत न्यून मात्रै गर्न सकिए गैरदलितबीचको विभेद अन्त्य गर्नका लागि यस विषयमा ब्यापक बहस र चर्चापरिचर्चा गर्न मद्दत मिल्ने नेपाल राष्ट्रिय दलित समाज कल्याण संघका अध्यक्ष मोहन पासवानले बताए ।

## प्रदेश १ मा डिजिटल प्रणालीको शुभारम्भ

विराटनगर । प्रदेश नं १ का मुख्यमन्त्री शेरधन राईले प्रदेशलाई अपराधमुक्त र सुरक्षित बनाउन प्रदेशका १४ वटै जिल्लामा डिजिटल प्रहरी परिचालन प्रणाली विस्तार गर्न लागिएको बताएका छन् । जिल्ला प्रहरी कार्यालय मोरङमा पहिलो चरणमा शुरू भएको डिजिटल प्रहरी परिचालन प्रणालीको आज शुभारम्भ गर्दै उनले छिमेकी मुलुकसँग जोडिएको सीमा क्षेत्रमा सुरक्षा व्यवस्थित बनाउन मोबाइल एप्स प्रणाली पनि सञ्चालनमा ल्याउने तयारी भइरहेको जानकारी दिए ।

## कपास उद्योगको मेशिन प्रयोगविहीन

बाँके । कपास प्रशोधनका लागि सरकारी लगानीमा कपास विकास समिति खजुराले खरीद गरेका चार वटा अत्याधुनिक जिनिङ मेशिन प्रयोगविहीन रहेका छन् । समितिमा रहेका पाँचमध्ये अहिले एउटा मात्रै मेशिन चलिरहेको छ । कपडा र धागो उद्योग बन्द भएसँगै कपास बिक्री घटेको र थोरै मात्रामा उत्पादित कपास प्रशोधनका लागि आवश्यक कच्चा पदार्थको अभावमा खजुरामा रहेका अत्याधुनिक मेशिन प्रयोगविहीन रहेको कपास विकास समितिका निमित्त प्रमुख विजयकुमार जोशीले बताए । बाँके, बर्दिया, दाङलगायतका क्षेत्रमा उत्पादित कपासलाई खजुरामा प्रशोधन गर्न सरकारले २०४४ सालमा ती मेशिन खरीद गरेको थियो । ३१ वर्षअघि रू एक करोड मूल्य परेका ती मेशिन कपासकै अभावमा प्रयोगमा आउन नसक्दा जीर्ण भइसकेको जोशी बताउँछन् ।

सङ्घीयताको महत्वपूर्ण सार : मानव बेचबिखन अन्त्यका लागि जिम्मेवार र सहकार्य सहित गरौं खबरदार ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## मिर्गौलापीडितलाई आर्थिक सहयोग

कलैया । दुवै मिर्गौलाले काम गर्न छोडेपछि विगत आठ वर्षदेखि उपचार गराइरहनुभएका वासु अधिकारीलाई युथ अफ निजगढले आर्थिक सहयोग गरेको छ । निजगढ नगरपालिका वडा नं ६ सडकटोलका ४७ वर्षीय अधिकारीको निवासमै पुगेर क्लबका अध्यक्ष उत्सव श्रेष्ठसहितको टोलीले पीडितका छोरा सुवर्ण अधिकारीलाई नगद रू १० हजारको चेक हस्तान्तरण गरेका छन् । अधिकारीको उपचारमा हालसम्म रू १६ लाख खर्च भइसकेको र अझै रू १५ लाख लाग्ने उपचारमा संलग्न चिकित्सकले बताएको पीडित अधिकारीका छोरा सुवर्ण अधिकारीले जानकारी दिए ।

## सुनसरीमा फोरमको प्रशिक्षण कार्यक्रम

सुनसरी । संघीय समाजवादी फोरम नेपालले इटहरीमा प्रशिक्षण कार्यक्रम गरेको छ । इटहरी उपमहानगरपालिकास्तरीय प्रशिक्षण कार्यक्रममा केन्द्रीय उपाध्यक्ष हेमराज राईले मुलुकको समृद्धिका लागि वर्तमान सरकारले ठोस नीतिसहितको प्रभावकारी कार्यक्रम ल्याउन नसकेको आरोप लगाएका छन् । उनले पार्टी सरकारमा भए पनि सरकारको कतिपय कार्यलाई स्वीकार गर्न नसकिने बताए । उपाध्यक्ष राईले पार्टीको अवधारणा र भावी रणनीतिका विषयमा प्रशिक्षण दिए ।

## पक्राउ परेकाहरूलाई रिहा गर्न थर्ड एलायन्सको माग

काठमाडौं । नेपालको संविधान जारी भएको दिन असोज ३ गतेलाई कालो दिन मनाउने क्रममा पक्राउ परेका सयौं नेता कार्यकर्ताहरूलाई रिहा गर्न तराई मानव अधिकार रक्षक सञ्जालले माग गरेको छ । संविधान दिवसको विरोध स्वरूप शान्तिपूर्ण तरिकाले गरिएको प्रदर्शन तथा सभाबाट सयौं प्रदर्शनकारीहरूलाई गैरकानूनी तरिकाले पक्राउ गरिएको भन्दै थर्ड एलायन्सको गम्भीर ध्यानाकर्षण भएको जनाइएको छ ।

'संविधान जारी गर्ने क्रममा तराई मधेशमा संविधानमा असहमति जनाउदै भएको चरणबद्ध आन्दोलनलाई बेवास्ता गरी मिति २०७२ असोज ३ गते नेपालको संविधान जारी गरिएको थियो ।' थर्ड एलायन्सको विज्ञप्तिमा भनिएको छ, 'जसकारण उक्त दिन विरगंजमा अत्यधिक बल प्रयोगबाट एक जना प्रदर्शनकारी मारिएका थिए भने संविधान जारी हुनुअघि र पछि विभिन्न ठाउँमा पचासौं जना मारिनुको साथै सयौं प्रदर्शनकारीहरू घाइते भएका थिए । जसले गर्दा उक्त दिनलाई मधेसी, जनजाती लगायत अल्पसंख्यक तथा सिमान्तकृत समुदायहरूले संविधान र सरकारको स्वेच्छाचारी कार्यको विरोध स्वस्प विभिन्न कार्यक्रम गर्दै आएका छन् ।'

कालो दिवस मनाउने क्रममा काठमाडौंको माइतीघरबाट करिब २५ जना अधिकारकर्मी, सप्तरीको भारदहबाट २ जना, राजविराजबाट १ जना, जनकपुरको विभिन्न चौकबाट करिब एक सय जना, पर्साबाट ७ जना, बाराबाट ९ जना, नवलपरासीबाट ५ महिलासहित २० जना, रौतहटबाट ३५ जनाभन्दा बढी प्रदर्शनकारीलाई स्वेच्छाचारी ढंगले पक्राउ गरी गैरकानूनी तरिकाले हिरासतमा राखिएको थर्ड एलायन्सले जनाएको छ । यसरी प्रहरीले गैरकानूनी तरिकाले पक्राउ गरिएको कार्यबाट विचार अभिव्यक्ति स्वतन्त्रता, भेला हुने स्वतन्त्रता र न्यायको हक लगायतका संविधान प्रदत्त मौलिक हकमा आघात परेको थर्ड एलायन्सको निष्कर्ष छ । तसर्थ, पक्राउ परेकाहरूलाई तत्काल विना शर्त थुनामुक्त गरी मानवअधिकारको संरक्षण तथा संवर्द्धन गर्नको लागि नेपाल सरकार लगायत सम्बन्धित सम्पूर्णलाई थर्ड एलायन्सले आग्रह गरेको छ ।

## विश्व परिवेश

# यसकारण ऋणमा डुब्यो पाकिस्तान



पश्चिमा जगत्ले पाकिस्तान ऋणमा फस्नुको दोष चीनलाई लगाएका छन् । चीन-पाकिस्तान आर्थिक करिडोरले पाकिस्तानलाई ऋण बोकाएको दाबी उनीहरूको छ । चीनले पाकिस्तानलाई ठूलो ऋणको भारी बोकाएर पाकिस्तानी अर्थतन्त्र र राजनीतिलाई प्रभावित बनाउन खोजेको तर्क पश्चिमा देशको छ । तर , यस्ता तर्कमा कुनै आधार छैन । पाकिस्तानमाथि प्रभाव जमाउन चीनले आर्थिक धरापमा पार्न आवश्यक छैन । चीन र पाकिस्तानबीचको मैत्रीपूर्ण सम्बन्ध धेरै पुरानो हो । यद्यपि , दुई देशबीचको यही मैत्रीपूर्ण सम्बन्धका आधारमा चीनले बढाएको सहयोगको हातलाई पश्चिमा देशले प्रभावको संज्ञा दिएका छन् ।

चीन - पाकिस्तान सम्बन्धलाई पश्चिमा जगत्ले बुझेको छैन । पाकिस्तानमा चीनले अहिले अबैं डलर लगानी गरेबाट चीन - पाकिस्तान सम्बन्ध सुरू भएको होइन । अर्कोतर्फ, पाकिस्तान देशसँग पाकिस्तानले विगत ७० वर्ष पहिलेदेखि सम्बन्ध विस्तार गर्‍यो । पश्चिमा देशको गुटमा पनि पाकिस्तान सरिक भयो । शीतयुद्धताका पाकिस्तान अग्रस्थानमै थियो । आतंकवादविरूद्धको लडाइँमा पनि सन् २००१ देखि पाकिस्तान सक्रिय रूपमा अग्रस्थानमा बसेर लडिरहेको छ । पाश्चिमा देशले सुरू गरेका हरेक अभियान तथा पहललाई पाकिस्तानले सहयोग गर्‍यो । साँचो मनले सहयोग गरेर आफू विश्वासिलो साझेदार भएको प्रमाण पाकिस्तानले पश्चिमा जगत्लाई दिइसकेको थियो । तर,पश्चिमलाई सहयोग गरेबापत पाकिस्तानले के पायो ? सत्य बोल्नुपर्दा बदलामा अमेरिका तथा युरोपेली देशले पाकिस्तानलाई उच्च ब्याजसहितको ऋण बोकाए । *अझ* ऋण कसरी खर्च गर्ने भन्दै पाकिस्तानलाई सिकाउने पनि पश्चिम जगत् नै हो । पश्चिमा कम्पनीले पाकिस्तानमा बिजनेस गरेर अकुत सम्पत्ति भित्र्याए ।

यसैगरी भ्रष्टाचारी गरेर अकुत सम्पत्ति कमाएर भ्रष्टाचारी पाकिस्तानले पश्चिमा देशका बैंकमा रकम जम्मा गर्दा बाँकी रकम पनि बाहिरियो । पश्चिमा देशबाट लिएको थोरै अंशबाट मात्र पाकिस्तानले लाभ लियो । अन्तरराष्ट्रिय मुद्राकोष विश्व बैंक र पश्चिमा देशका अन्य वित्तिय संस्थाबाट लिएको रकम वास्तवमा पाकिस्तानको विकासकै लागी भनेर ऋणका रूपमा लिएको हो । तर , यस्ता पाकिस्तानलाई संस्थाले चाहेअनुरूप मात्रै खर्च गर्न सर्तमा बाधेर पाकिस्तानको ठूलो पूर्वाधारका लागी खर्च गर्न सरकारलाई दबाब दिएको देखिएन । अहिले पाकिस्तानको बाह्य ऋण झण्डै ९५ अर्ब अमेरिकी डलर पुगेको छ । यो ऋण केवल १० प्रतिशत चीनबाट लिइएको छ । बाँकी ९० प्रतिशत ऋण पाश्चिमा देश तथा उनीहरूको वित्तिय संस्थाबाट पाकिस्तानले लिएको छ । यसर्थ , पाकिस्तानलाई कसले ऋणको भुमरीमा पार्‍यो भन्ने स्पष्ट हुन्छ । एसियामा पाकिस्तानको भूमिका महत्पूर्ण छ । यसकारण अन्तर्राष्ट्रिय शक्ति पाकिस्तानमाथि प्रभाव जमाउन चाहन्छन् । तर , पाकिस्तान शाक्ति , समृद्धि र विकासको पक्षधरसँग सहकार्य गर्न चाहन्छ । (नयाँ पत्रिका दैनिक, २०७५ असोज ३ गते )

## पत्रपत्रिकाबाट...

# चिनियाँ कम्पनीको मनपर्दी

नेपालको विभिन्न विकास आयोजनाहरूमा संलग्न हुदैं आएका चिनीयाँ ठेकेदार कम्पनीहरूको मनपर्दीका कारण देशले ठूलो हण्डर र आर्थिक क्षति व्यहोर्नु परेको छ ।जसो तसो सम्पन्न भएको चमेलिया जलविधुत आयोजना निर्धारित समयमा पूरा नहुँदा नेपालले यो आयोजनाका निम्ति ठूलो मूल्य चुकाएको छ । चमेलिया जलविधुत आयोजनाबाट निर्धारित समयमा विधुत उत्पादन हुन नसक्दा अहिले विधुत प्राधिकरणलाई यसबाट उत्पादीत बिजुली अत्यन्त महंगो परेको छ । निर्धारित समयभन्दा दश वर्ष पछाडी चमेलिया आयोजनाको निमार्ण कार्य सकिँदा निमार्णसँग जोडिएका कर्मचारीहरू कतिपयले नेपालका चेलीहरूसँग वैवाहीक सम्बन्ध स्थापित गरेर फर्किएका छन् । यता कुलेखानी तेस्रो निमार्णमा संलग्न चिनियाँ कम्पनीको त्यही हालत छ । ठेक्का सम्झौता हुँदा पर्ने थियो , त्गो समय दश वर्ष भन्दा बढी नाघिसकेको छ । मात्र १४ मेघावाट बिजुली उत्पादन हुने तेस्रो कुलेखानी आयोजनाको निर्माणकार्य पटक पटक ढिलो हुँदा ठूलो आर्थिक क्षति भएको मात्रै छैन् यो आयोजनाबाट उत्पादान हुने बिजुली नेपालमा अहिलेसम्मको जलविधुत आयोजनाबाट उत्पादन भएको विधुत मूल्यमा सबभन्दा महंगो पर्ने भएको छ । चिनियाँ ठेकेदार कम्पनीहरूले नेपालको जलविधुत आयोजना निर्माणमा देखाएको मनपर्दीबाट मुलुकलाई ठूलो घाटा हुँदै गरेको छ । अहिले चिनियाँ ठेकेदार कम्पनीहरूले त्रिशुली ए र बी लगायतमा काम गरी रहेछन् । यी आयोजनाहरू पनि निर्धारित समयमा सम्पन्न हुन सकेनन् । यसरी समयमा ठेक्का सम्झौता अनुसार निर्माण कार्य सम्पन्न नहुँदा दिनु पर्ने क्षतिपूर्ति लगायतबाट नेपाल पक्षलाई निरन्तर घाटा भई रहेछ । अन्तरर्राष्टिय बोलकबोलमा कम रकम राखेर ठेक्का हाल्ने र सम्झौता गर्ने सम्झौता पछि निर्माण कार्यमा मनपर्दी गर्ने चिनियाँ ठेकेदार कम्पनीहरूको यस्तो कार्यलाई सरकारले निरूत्साहित गर्नु पर्ने देखिएको छ । देश वर्षसम्म झुलाएर चीनको थ्री गर्जेजले सुदुरपश्चिमको सेती आयोजनाबाट हात झिक्न थालेको छ । देश वर्ष पहिले यो आयोजनाको निर्माण कार्य लगायत विधुत उत्पादन र बिक्री समेत उसैले गर्ने सहमतिमा सम्झौता भएको हो । तर अब आएर यो आयोजना लागतको हिसाबले अत्यन्त मंहगो हुने उत्पादीत विधुत बिक्रीका निम्ति समस्या पर्ने बताएर थ्री गर्जेज पन्छिएको छ । यसबाट नेपालले यो आयोजना निर्माणमा लगत बढ्ने र उत्पादीन बिजुली महंगो हुने स्थिति व्यहोर्नु पर्ने छ । यति मात्र नभएर दश वर्षपछि चिनियाँ कम्पनीले हात झिकेपछि नेपालले यो आयोजनाका निम्ति कि आफै अघि सरेर निर्माण कार्यमा जुट्नु पर्नेछ , होइन भने अर्को कम्पनीहरूले नेपालको विकास आयोजनामा यसरी मनपर्दी गर्दा देशले ठूलो घाटा व्यहोरेको स्थितिमा सम्बन्धित निकायमा गम्भीर रूपमा सोच्न् पर्छ । (चर्चा साप्ताहिक, २०७५ असोज १ गते सोमबार )

## नेपालगन्जदेखि दिल्ली हवाई सेवा सुरू हुन्छ : राजदूत

नेपालगनज । नेपालका लागी भारतीय राजदूत मञ्जिव पुरीले नेपालगञ्ज दिल्ली हवाई सेवा र नेपालगञ्ज लखनउ बस सेवा चाडैं नै सुरू हुने बताएका छन् । भारतीय तीर्थलुका लागि मानसरोवर यात्रालाई सहज बनाउने उद्देश्यले अध्ययन गर्न हुम्ला पुगेका भारतीय राजदूत फर्केर सो कुरा बताएका हुन् । दिल्ली नेपालगञ्ज हवाई उडानका लागी दिल्ली विमानस्थालमा काम सुरू भइसकेको जनाउदैं छिटै उडानका लागी अनुमती दिइने उनले बताए । नेपालगञ्ज विमानस्थलको स्तरोन्नतिका लागी पनि चाँडो काम सुरू गर्नुपर्ने सुझव दिँदै राजदूत पुरीले विमानस्थलमा नयाँ सुविधासम्पन्न टर्मिनल भवन , इनिग्रेसन र क्यान्टिन लगायत रनवेको स्तरोन्नति आवश्यक रहेको बताए । सो कार्यमा आवश्यक परे भारत सरकार सहयोग गर्न तयार रहेको पनि उनले जनाए । दिल्ली नेपालगञ्ज हवाई उडानका लागी नेपालगञ्ज विमानस्थलको अवस्था बारे निरीक्षण गरेपछि राजदूत पुरी सो कुरा बताएका हुन् ।



## नेपाल-भारत सीमा पिलरको निरीक्षण

काठमाडौं । इलामको नेपाल-भारत सीमा क्षेत्रका सीमा पिलर र सीमा सुरक्षा अवस्थाको बारेमा अध्ययनको काम सम्पन्न भएको छ । इलामको सन्दकपुर गाउँपालिका ४ स्थित सन्दकपुरदेखि रोङ गाउँपालिका ६ स्थित जिर्मलेसम्म भारतसँग ४८ किलोमिटर सीमा जोडिएको छ । सीमा सुरक्षाको जिम्मा पाएको शसस्त्र प्रहरी बल नेपाल गण हेडक्वार्टर नम्बर १ इलामले नेपाल-भारत सीमा छुट्याउने सीमा पिल्लरको अध्ययन सम्पन्न गरेको हो । सशस्त्र प्रहरीका निरीक्षक हरि रिमालको नेतृत्वमा खटिएको ३१ जना प्रहरी टोलीले पहिलो चरणमा सूर्योदय नगरपालिका १ स्थित माने भञ्ज्याङदेखि रोङ गाउँपालिका ६ स्थित जिर्मलेसम्मको सीमा क्षेत्रको निरीक्षण र अध्ययन सम्पन्न गरेको छ ।

## विमानस्थल स्तोरन्नति हुँदै

नेपालगञ्ज । नेपालगञ्ज-दिल्ली हवाई उडानको तयारीसँगै नेपालगञ्ज विमानस्थलको स्तरोन्नतिको प्रक्रिया अघि बढाइएको छ । नेपालगञ्ज विमानस्थलमा टर्मिनल, पार्किङ, प्रतिक्षा कक्ष र व्यवस्थित खाजा घरको निर्माण भइरहेको छ । अन्तर्राष्ट्रिय र आन्तरिक 'टर्मिनल', ठूला जहाजका लागि पश्चिममा ३०० र पूर्वतिर २०० मिटर धावनमार्ग बनाउने तयारी भएको नागरिक उड्डयन कार्यालय नेपालगञ्जका निर्देशक प्रेमनाथ ठाकुरले जानकारी दिए । विमानस्थल स्तरोन्नतिका लागि ढाँचा बनाउने काम भइरहेको छ । दुई महिनामा यो काम सकिएपछि बोलपत्र प्रक्रिया अघि बढ्ने निर्देशक ठाकुरले जानकारी दिए ।

## चिनियाँ नागरिक पक्राउ

काठमाडौं । महानगरीय अपराध महाशाखाले रू ५० लाख नेपाली रकमसहित दुई चिनियाँ नागरिकलाई पक्राउ गरेको छ । महाशाखाको टोलीले अवैधरूपमा रकम बोकेर हिँडिरहेको अवस्थामा गेसनगेनामु र जिया टालाई शुक्रबार ज्याठा ठमेलबाट पक्राउ गरेको हो । स्रोत नखुलेको रकम अवैधरूपमा बोकेर हिँडिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिएको प्रहरीले जनाएको छ । बरामद रकमसहित दुबैजनालाई राजश्व अनुसन्धान विभाग हरिहरभवन पठाउने तयारी भइरहेको बताइएको छ ।

## जिल्ला समाचार

### पत्रकार बराइली सम्मानित

इमरान खान, काठमाडौं । नेपाल अर्बुद रोग निवारण संस्थाले यो वर्षको उत्कृष्ट पत्रकारिता पदक नेपाल पत्रकार महासंघका केन्द्रिय सदस्य गोपाल बराइलीलाई दिएको छ । गोपाल बराइली निशान अनलाईन न्युजका सम्पादक पनि हुन् । संस्थाको ३६ औं बार्षिकोत्सवको अवसरमा उपप्रधान तथा स्वास्थ्य मन्त्री उपेन्द्र यादव र संस्थाका अध्यक्ष लोकेन्द्रकुमार श्रेष्ठ (इश्वर) ले अर्बुद रोग उत्कृष्ट पत्रकारिता पदकबाट उनलाई सम्मान गरेको हो ।संस्थाले २०६७ देखि अर्बुद रोग उत्कृष्ट पत्रकारिता पदक प्रदान गर्दै आएको छ । यसअघि पदमराज जोशी, दानदास श्रेष्ठ, इश्वरकाजी खाइजु, अतुल मिश्र, नारायण किलम्बु, उद्धपराज भेटवाल र सन्तोषी अधिकारीलाई प्रदान गरेको थियो । सानु छोरी शाक्य स्मृति क्यान्सर सेवा पदकबाट रोहाणी वैद्य र डा. पुलस्वा जोशी लाखेलाई प्रदान गरेको छ ।यो कर्ण शाक्यले क्यान्सर रोगबाट मृत्यु भएकी श्रीमति र छोरीको नामबाट २०५८ सालमा स्थापना गरेको पदक हो । दुर्गाबहादुर श्रेष्ठ स्मृति उत्कृष्ट शाखा सभापति पदक संस्थाका कास्की सभापति रामचन्द्र थापाले पाए ।यो पुरस्कार संस्थाका अध्यक्ष लोकेन्द्रकुमार श्रेष्ठ (इश्वर) ले स्व. पिता दुर्गाबहादुर श्रेष्ठको स्मृतिमा २०५८ मा स्थापना गरेका थिए ।

### कुम्भकार संघ सप्तरीमा पुनः सिंहेश्वर

राजविराज । नेपाल प्रजापति कुम्भकार सँघ सप्तरीको अध्यक्षमा पुनः सिँहेश्वर पण्डित चयन भएका छन् । हनुमानगर कंकालनी नगरपालिका १० मा सम्पन्न नेपाल प्रजापति कुम्भकार सँघ सप्तरीको ५ औं जिल्ला अधिबेशन वाट सिँहेश्वर पुनः चयन भएको हो । सोमबार सम्पन्न बन्द सत्रबाट सिँहको अध्यक्षतामा २१ सदस्यीय कार्यसमिति चयन गरिएको छ । कार्यसमितिको उपाध्यक्षमा हरेराम पण्डित, सचिवमा केदार पण्डित, कोषाध्यक्षमा कुशेश्वर पण्डित चयन भएका छन् । यसैगरी सदस्यहरूमा शाबित्री पण्डित, किसुन पण्डित, महेन्द्र पण्डित, रामान्दन पण्डित, शिवशंकर पण्डित, लगायत रहेका छन् । आइतबार भएको खुल्ला सत्रमा वोल्दै नेपाल प्रजापति कुमकार सँघका केन्द्रीय अध्यक्ष रामानन्द पण्डितले कुम्भकार जातिलाई सरकारले जनजातिको सुचीमा समावेश गर्नुपर्नेमा जोड दिएका छन् भने कुम्भकार जातिको माटोकला केन्द्रको स्थापनाको समेत माग गरेका छन् । सरकार हाम्रा पेशागत हकहतिका लागि संविधानमा पनि उल्लेख गर्नुपर्ने भन्दै उनले भने हाम्रो ब्यवसायलाई मजबुत बनाउन सरकारले रोजगारको अवसर दिनुपेर्ने बताए । सिँहेश्वर पण्डितको अध्यक्षतामा गरिएको अधिबेशनमा नेपाल प्रजापति कुमकार सँघका केन्दीय महासचिव लक्ष्मण पण्डित, नारायण पण्डित, झापा अध्यक्षका शिवशंकर पण्डित, सिरहा अध्यक्ष शिव कमार पण्डित, सुनसरी अध्यक्ष सिताराम पण्डित, भारत बिहारमा असोक पण्डित, सुर्यनारायण पण्डित, छिन्मस्ता गाउँपालीका का रामनन्द पण्डित, सिँहेश्वर पण्डित, शिबशंकर पण्डित लगायतले कुमकार जातिको ब्यवासायलाई संरक्षण गर्नुपर्नेमा जोड दिएका छन् ।

### विद्यार्थी फोरमको जिल्ला अधिवेशन सम्पन्न

राकेश यादव, रौतहट । संघीय समाजवादी विद्यार्थी फोरम नेपाल जिल्ला कार्य समिति रौतहटको प्रथम जिल्ला अधिवेशन सदरमुकाम गौरमा मंगलवार सम्पन्न भएको छ । केन्द्रीय सदस्य रेवन्त झाको प्रमुख आतिथ्यमा सम्पन्न भएको अधिवेशनबाट २१ सदस्यीय जिल्ला कार्य समितिको गठन गरिएको छ । सर्वसहमतिबाट गठित समितिको अध्यक्षमा धर्मेन्द्र कुमार यादव, उपाध्यक्षद्वय दीपक राज पटेल, अभय कुमार यादव, सचिव रोबिन महतो, कोषाध्यक्ष दीपेन्द्र यादव, सदस्यहरू अर्जुन यादव, राजू यादव, संतोष महतो, नीरज झा, नविन कुमार यादव, विगन कुमार महतो, भूपेन्द्र कुशवाहा, राजन साह रहेका छन् । प्रकाश भाई मधेशियाको सभापतित्वमा भएको उद्घाटन कार्यक्रममा सम्बोधन गर्दै केन्द्रीय सदस्य झा विद्यार्थी संगठन बलियो नभएमा पार्टी बलियो नहुने बताएका छन् । पार्टीका जगको रूपमा विद्यार्थी संगठन रहेकोले संगठनको विस्तार गर्न नयाँ कार्यसमितिलाई सुझाव दिएका छन् । प्रदेश सांसद रामकिशोर यादवले विद्यार्थी संगठनमा संख्यात्मक रूपमा वृद्धि गर्नु आजको आवश्यकता भएको औंल्याए । उनले भने, भोलीको भविष्य विद्यार्थीको काँधमा रहेकोले राजनीतिक क्षेत्रमा सक्रिय सहभागिताका लागि आह्वान गरे । कार्यक्रममा जिल्ला उपाध्यक्ष श्याम विहारी यादव, महिला फोरमका अध्यक्ष शोभा देवी साह, जिल्ला सचिव जयराम महतो, गौर नगरपालिकाका उपमेयर प्रत्यासी अमरूल हक़, संघीय प्रेस फोरम नेपाल प्रदेश २ का कोषाध्यक्ष राकेश कुमार यादव, जिल्ला अध्यक्ष किशोरी यादव, मधेश पत्रकार महासंघका अध्यक्ष दिनेश यादव, युवा फोरमका जिल्ला अध्यक्ष कौशर खान मिथिला, विद्यार्थी फोरमका केन्द्रीय सदस्य ललन यादवसहितका वक्ताहरूले शुभकामना मन्तव्य राखेका थिए ।

### सञ्चालनका लागि १७ करोड बिनियोजन

चन्द्रकान्त खनाल, रूपन्देही । प्रदेश नं ५ सरकारले अघि सारेको मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालनका लागि कार्यक्रम सञ्चालन निर्देशिका पारित पारित छ । प्रदेश सरकारको आज मन्त्रिपरिषद् कार्यालयमा बसेको मन्त्रिपरिषद बैठकले कार्यक्रम सञ्चालन निर्देशिका पारित गरेको हो । प्रदेश सरकारको नीति तथा कार्यक्रममा प्रदेशका अति पिछडिएका र मानव सूचकाङ्कमा पछाडि परेका १२ जिल्लाका ३४ गाउँपालिकामा यो कार्यक्रम सञ्चालन गर्ने उल्लेख गरिएको सरकारका प्रवक्ता एवं भौतिक योजना तथा विकासमन्त्री बैजनाथ चौधरीले जानकारी दिए । उनका अनुसार सरकारले सार्वजनिक गरेको आव २०७५/७६ को बजेटमा समेत कार्यक्रम सञ्चालन गर्ने गरी रू १७ करोड बजेट विनियोजन गरेको छ । यसका लागि समन्यायिक र समावेशी विकासका लागि प्रदेशका विकासका काम गरिबी निवारण प्रति परिलक्षित हुने उल्लेख गरिएको छ । मुख्यमन्त्री ग्रामीण विकास कार्यक्रम सञ्चालन निर्देशिका प्रदेश सरकारले दुई तहको संरचना तय गरेको छ ।

### "नेपाल र भारत सम्बन्ध अझ प्रगाढ हुन्छ"

जनकपुरधाम । मुख्यमन्त्री लालबाबु राउतले प्रदेश नं २ को राजधानी जनकपुर र भारत विहारको राजधानी पटनालाई जोड्ने नेपाल-भारत मैत्री बस सेवा सञ्चालन भएसँगै दुई देशबीचको सम्बन्ध अझ प्रगाढ हुने विश्वास व्यक्त गरेका छन् । नेपालको तर्फबाट स्वयम्भु मञ्जुश्री यातायात प्रालीले सञ्चालन गरेको जनकपुर-पटना बस सेवा शुभारम्भ गर्दै मुख्यमन्त्री राउतले सेवा सञ्चालनसँगै हिन्दू धर्मावलम्बीका आस्थाको केन्द्र जनकपुरमा भारतीय पर्यटक ल्याउन सहयोग पुग्ने बताए । मुख्यमन्त्री राउतले जनकपुरधाम-पटना नेपाल भारत मैत्री बस सेवाले जनकपुरको धार्मिक पर्यटकीय विकासमा विशेष टेवा पुग्ने बताउँदै नेपाल भारत बीचको धार्मिक, समाजिक तथा पारिवारिक सम्बन्धलाई अझ मजबुत हुने उल्लेख गरे । उनले जनकपुरधामको विकासको मुख्य आधार धार्मिक पर्यटन नै रहेकाले भारतको विभिन्न धार्मिक स्थलका साथै नेपालकै विभिन्न शहरबाट समेत हवाई सेवा सञ्चालनको पहल भई रहेको जानकारी दिए ।

### अस्पताल स्तरोन्नतिका लागि ज्ञापन

वीरगन्ज । वीरगन्जमा रहेको नारायणी उपक्षेत्रीय अस्पताललाई केन्द्रिय रिफरल अस्पताल र सरकारी मेडिकल कलेजमा स्तरोन्नत्ती गर्न माग गर्दै पर्साका सांसद र विधायकहरूले सरकारसंग माग गरेका छन् । आज संघीय सरकारका स्वास्थ्यमन्त्री उपेन्द्र यादवलाइ भेटेर पर्साका सांसद र विधायकहरूले नारायणी उपक्षेत्रीय अस्पताललाई सरकारी मेकिडल कलेजका रूपमा स्तरोन्नत्ती गर्न माग गर्दै ज्ञापन पत्र पनि बुझाएका छन् । हाल तीन सय ३० शैयाको क्षमतामा सन्चालित नारायणी उपक्षेत्रीय अस्पताललाइ सात सय शैयाको विस्तार गरि यस अस्पतालाइ केन्द्रिय रिफरल अस्पताल र सरकारी मेडिकल कलेजमा स्तरोन्नत्ती गर्न माग गर्दै स्वास्थ्यमन्त्रालयमा आज पुगेर स्वास्थ्यमन्त्री यादवलाइ ज्ञापन पत्र बुझाइएको पर्सा क्षेत्र नम्बर १ का सांसद प्रदीप यादवले बताए । गत साउन २१ गते वीरूगन्जमा जिल्ला समन्वय समिति पर्साका अध्यक्ष नेक महम्मद अन्सारीको अध्यक्षता तथा पर्साका सांसद र विधायकहरूको उपस्थितीमा बसेको सर्वदलीय बैठकले नारायणी उपक्षेत्रीय अस्पतालाइ सात सय शैयामा वितर गरि केन्द्रिय रिफरल अस्पताल र सरकारी मेडिकल कलेजका रूपमा स्तरोन्नत्ती गर्न सरकारसंग माग गर्ने निर्णय गरेको थियो । त्यहि निर्णय अनुसार आज पर्साका चार वटै निर्वाचन क्षेत्रका सांसद र विधायकहरू सम्मिलीत टोलीले स्वाथ्यमन्त्रालयमा गइ स्वास्थ्यमन्त्री यादवलाइ ज्ञापन पत्र बुझाएको हो ।


जस्तै कठोर, फरक र अप्रिय विचारको राजनीतिकर्मी किन नहोस्, लोकतान्त्रिक राज्यले उनीहरूसँग न्यायिक व्यवहार गर्नुपर्छ। लोकतान्त्रीक राज्यको यो नैतीक वाध्यता हो। यस मानेमा प्रकाण्ड र राममनोहर यादवसँग ओली सरकारले गरेको व्यवहार निन्दनीय छ। **डम्बर खतिवडा**


भारतीय सेनापती बिपिन रावतजी, नेपाल हिजो भारत तिर ढल्कियो त्यो गल्ती थियो, अब तेता तिर ढल्किदैन, यो पनि ढुक्क हुनुहोस् कि यो देश चीन तिर पनि ढल्किदैन। आफु र आफ्नो देशको बारेमा चिन्ता लिनुहोस्, नेपालको बारेमा चिन्ता गर्न हामीनै प्रयाप्त छौ। **योगेश भट्टराई**


शासक जातीय तानाशाहहरूले लोकतान्त्रिक प्रक्रियाको घाँटी निमोठ्दै बन्दुकको नालबाट जारी गरेको एकल जातीय दस्ताबेज 'नेपालको संविधान' २०७२ दिवसको अवसरमा उनीहरूलाई शुभकामना। समावेशी प्रजातन्त्र र न्यूनतम मानवअधिकारका लागि संविधानको माग गरेकाहरूले मनाउने 'कालो दिवस'लाई समर्थन। **बीपी साह**


संविधान धर्म ग्रन्थ होइन यसमा भएका कमजोर संशोधन गर्न सकिन्छ। त्यसैले संविधान बहिष्कार भन्दै असोज ३लाई कालो दिन भन्नेहरू हिंसाका पुजारी हुन् किनकि तिनको घरमा रोटि देशमा हिंसा भएर गरिब जनता मर्दा मात्र पाक्छ नत्र देश शान्त भइ रख्दा भोक भोकै मर्छन ती। **दिपेन्द्र विष्ट**


यही संविधानलाई स्वीकार गर्दै तीनवटै तहको निर्वाचनमा सहभागी भएका राजनीतिक दलहरू, यही संविधानकै आधारमा प्रदेश २ मा सरकार संचालन गरिरहेका छन्, विभिन्न पदमा बसेका, विभिन्न सुख सुविधा भोग्दै राज्यको विभिन्न स्रोत साधन उपभोग गरिराख्दा संविधान दिवसलाई कालो दिवसको रूपमा मनाउनु दाहोरो नीति भयो। 'कालो' मानिएको संविधानबाट कसरी सुनौलो बिहानीको आश गर्ने ? **संगीता रेग्मी**


सुदुरपश्चिमकी एउटी नाबालिका बलात्कृत भईन्। हत्या भयो। धेरैलाई सत्ता अपराधीको पक्षमा लागेको महसुस छ। तैपनि सत्तारूढ दलको कोही बोल्दैन। खोई आशा गरिएका रविन्द्र अधिकारी, योगेश भट्टराई, जनार्दन शर्मा, बर्षमान पुन, ओनसरी घर्ती, बिना मगरहरूको आवाज ? तिनले दल र सदन तताउनु पर्दैन ? **सिरोमणी ढुंगाना**


संविधान मानेर चुनाव लडे। शपथ खाए र त्यहीं संविधान मानेर आजसम्म कुर्सी नपाएर कालो दिन मनाइरहेका छन् मधेशी दलहरू र मधेशी ठेकेदारहरू। चुनावभन्दा अगाडि धेरै बोले मधेशी ठेकेदारहरू तर कुर्सी पाएपछि आजको दिनसम्म मौन छन्। मधेशी ठेकेदार र मधेशी दलालहरू मधेशीको अधिकारका लागि लडिरहेका छन् कि आफ्नो स्वार्थका लागि ? **रामआधार ठाकुर**


पहाडको माओवादी आन्दोलनले अन्ततः ब्यवस्था मात्रै फेरियो। तर, तराईको मधेश आन्दोलनले देशको नाप र नक्सा समेत फेर्छ। यि दुबै आन्दोलन प्रायोजित थिए र हुन् र यि दुबै आन्दोलनले देशलाई चरम द्वन्दमा धकेल्छ। अबको आन्दोलनले जातिय र क्षेत्रीय हिंसा मच्चाउने छ। **विश्वराज न्यौपाने**


अझै "कालो दिवस" ? त्यही संविधान स्वीकारेर केन्द्रीय सत्तामा साझेदारी गर्ने, प्रदेशमा सरकार चलाईरहने, सबै राजकीय सुख सुविधाहरूको भोग गरिरहने अनि संविधान विरूद्ध "कालो दिवस" पनि संगसंगै मनाउने। हदैसम्मको द्वैध चरित्र देखाउने ?आफुहरू भने मोज गरिरहने, जनतालाई चै मूर्ख बनाईरहने। लाजनीति। **क्रिस्टीना पुरी**

# राजपा र फोरमको...

मधेशले खोजी रहेको छ।

संविधान स्वीकार गरी मन्त्री हुने तर मन्त्रीकै हैसियतमा संविधानको विरोध कार्यक्रमको नेतृत्व गर्ने दोहारो भूमिका राजपाले अपनाएको छ। असोज ३ लाई कसरी लिने भन्नेमा विषयमा पनि मधेशका यी उदयीमान दुई दलबीच मतभिन्नता रहेको छ।

तत्कालीन सरकारले मधेसका जनतामाथि बन्दुक तेर्स्याएर जबरजस्ती संविधान जारी गरेको विरोधमा असोज ३ लाई मधेशमा कालो दिनको रूपमा विगत तीन वर्षदेखि मनाईदै छ। यसका साथै राज्यका सबै अगंमा समानुपातिक प्रतिनिधित्व र समावेशीको माग संविधानमा हुनु पर्ने माग उनीहरूको छ। तर आफ्नो मागका विषयमा वैचारिक तथा राजनीतिक बहस र छलफल नगर्ने, जनताको अभिमत नलिने, संसदमा नबोल्ने, दबाब सृजना गर्न नसक्ने तर केवल राजनीतिक मुद्दाका लागि मात्र प्रयोग गर्ने संस्कार रहेसम्म मधेशी दलको राजनीतिलाई मधेशले असफल बनाउन सक्छ।

वस्तुतः संविधान भनेकै जीवन्त दस्ताबेज हो र यसको विरोध र परिमार्जन निरन्तर भइरहन्छ। संसारको कुनै पनि संविधानलाई उत्कृष्ट भन्न मिल्दैन किनभने त्यहाँ त्रुटी अवश्य रहन्छ। तर त्यो त्रुटी समयको माग र जनताको चाहना अनुसार परिमार्जन गरिन्छ। संविधानप्रति व्यक्त विरोध र असन्तोषलाई समेट्न सकियो भने मात्र त्यस्तो संविधानको आयु लामो हुन सक्छ। नेताहरूले सहिष्णुताभन्दा अहंकार र दम्भ देखाएका कारण संविधानको तीन वर्षे यात्रा चुनौतीपूण देखिएको हो। यस्तै, यही संविधानअन्तर्गत शपथ खाएर संविधानको विरूद्ध गर्नु निश्चित रूपमा गलत र अनैतिक काम हो।

# जनकपुरधाम-पटना बस सेवा सुरू



जनकपुरधाम। प्रदेश २ का मुख्यमन्त्री लालबाबु राउतले जनकपुरधाम-पटना नेपाल-भारत मैत्री बस सेवाले जनकपुरको धार्मिक पर्यटकीय विकासमा विशेष टेवा पुग्ने बताएका छन्।

नेपालको तर्फबाट स्वयम्भु मंजुश्री यातायात प्रालीले संचालन गर्न लागेको जनकपुर-पटना बस सेवालाई हरियो झण्डा देखाउँदै हिन्दू धर्मावलम्बीहरूको आस्थाको केन्द्र जनकपुरमा भारतीय पर्यटकलाई ल्याउन ठूलो भूमिका खेल्ने बताएका हुन्।

मुख्यमन्त्री राउतले बस सेवाले भारत विहारको राजधानी पटना र प्रदेश नं. २को राजधानी जनकपुरलाई जोडेको हुँदा दुई देशको सम्बन्धलाई अझ प्रगाढ बनाउने उल्लेख गरे।

नेपाल भारत बीचको धार्मिक, समाजिक तथा पारिवारिक सम्बन्धलाई अझ मजबुत हुने उल्लेख गर्दै उनले बस संचालनमा देखिएको अप्ठयाराहरूलाई अन्त गर्न नेपाल तर्फका सम्बन्धित अधिकारीहरूलाई निर्देशन समेत दिए।

जनकपुरधामको विकासको मुख्य आधार धार्मिक पर्यटन नै रहेकोले भारतको विभिन्न धार्मिक स्थलका साथै नेपालकै विभिन्न शहरहरूबाट समेत हवाई सेवा संचालनको लागि पहल भै रहेको उनको कथन थियो। उनले पोखरा बाट हवाई सेवा संचालनका लागि पहिलो चरणको कुराकानी भै रहेको उल्लेख गर्दै लुम्बिनी लगायतको स्थानबाट समेत हवाई सेवा संचालनको पहल भै रहेको बताए।

नेपाल र भारतमा रहेका ९० प्रतिशत ओमकार परिवारका व्यक्तिहरूलाई जीवनमा एक पटक जनकपुर आउनै पर्ने वातावरण बनाउन प्रदेश सरकार र स्थानीय सरकारबीच सहकार्य गरेर योजना बनाउनु आवश्यक रहेको बताए।

स्वयम्भु मंजुश्री यातायात प्रालीका अध्यक्ष अनिल चालिसेको अध्यक्षतामा भएको उक्त कार्यक्रममा वन, पर्यटन, उद्योग तथा संस्कृति मन्त्री राम नरेश राय, राजपा संसदीयदलका सचेतक परमेश्वर साह, जनकपुरधाम उपमहानगरका प्रमुख लालकिशोर साह, प्रदेश प्रहरी कार्यालयका प्रमुख डिआईजी दिनेश आमात्य सहितको उपस्थिति रहेको थियो।

# रक्सौल काठमाडौं रेलको प्रोटोकलमा केही दिनमा सहमति : प्रधानमन्त्री



काठमाडौं। प्रधानमन्त्री केपीशर्मा ओलीले रक्सौल काठमाडौं रेल बारेमा प्रटोकल सहमति गर्ने तयारी गरिएको बताएका छन्। काठमाडौंमा कारोबार दैनिकले गरेको कार्यक्रमा प्रधानमन्त्री ओली यस विषयमा केही दिनमै दुई सरकार बीच प्रटोकल हुने बताएका हुन्। प्रधानमन्त्री ओलीले चीन र भारत दुबैदेशसँग मिलेर नेपालले आर्थिक विकासको दिशमा अघि बढ्न खोजेको बताए। कार्यक्रममा भारतीय जनता पार्टीका नेता गोपाल कृष्ण अग्रवालले भारतले आर्थिक विकासका लागि गरेको प्रयास र तत्कालीन समस्याहरूका बारेमा जानकारी दिँदै भारतले आर्थिक विकासका लागि गरेको प्रयासबाट नेपालले लाभ लिनु पर्ने बताए। उनले लगानीका लागि निजी क्षेत्रलाई खुला राख्न र विदेशी लगानी आकर्षित गर्न सक्दा नेपालले छिटो आर्थिक विकास गर्न सक्ने बताए।

# नेपाल चीनतर्फ ढल्किन सक्दैन : भारतीय सेना प्रमुख



काठमाडौं। भारतीय सेना प्रमुख विपिन रावतले 'भौगोलिक बाध्यता' कारण नेपाल र भुटानले चाहेर पनि भारतबाट टाढा जान नसक्ने दाबी गरेका छन्। भारतीय सेनाप्रमुख रावतले भूगोलकै कारण यी दुई मुलुकले चीनतर्फ ढल्किन नसक्ने पनि दाबी समेत गरे। भारतको पुनेमा भएको बिमस्टेक राष्ट्रहरूको संयुक्त सैन्य अभ्यास 'माइलेक्स-१८' को समापन समारोह पछि आयोजित पत्रकारहरूसँगको अन्तक्रियामा उनले नेपाल र भुटान भारतबाट टाढा जान नसक्ने उल्लेख गरे। नेपाल र भुटानजस्ता मुलुकहरूले भूगोलका कारण स्वाभाविक रूपमा भारतर्फ झुकाव राख्नुपर्छ र भूगोलका कारण नै चीनतर्फ भन्दा भारततर्फ झुकाव राख्न अनुकूल हुने उनको तर्क छ। सेना प्रमुख रावतले भारतीय नेतृत्वले पनि छिमेकी पहिले र पूर्व हेर नीति लिएको चर्चा गर्दै बिमस्टेक पनि त्यही नीति अन्तर्गत रहेको र आफूहरू छिमेकीसँगको सम्बन्ध सुदृढ पार्न प्रयासरत रहेको उल्लेख गरे। ठूलो मुलुक भएकाले आफूहरूले लिएको अग्रसरतालाई त्यसलाई अन्य मुलुकले अनुसरण गर्नु पर्ने उनको भनाइ छ। तर सोही कार्यक्रममा भारतीय रक्षा राज्यमन्त्री सुभाष भाम्रेले भने नेपालमा सैन्य नेतृत्व भर्खरै परिवर्तन भएको हुँदा सैन्य भाग नलिने निर्णयलाई अन्य कोणबाट हेर्न नहुने स्पष्ट पारे।

# नेपालले भारतमा विद्युत बिक्री गर्ने

काठमाडौं। नेपालका दुई जलविद्युत् आयोजनाबाट उत्पादित करिब १५ सय मेगावाट विद्युत बिक्रीका लागि भारतीय कम्पनीसँग नेपाल विद्युत् प्राधिकरणले समझदारी गर्ने तयारी गरेको छ। भारतको विद्युत व्यापार निगम (एनभीभीएन) र प्राधिकरणबीच आयोजनाको विद्युत बिक्रीका लागि सम्झौता हुनेछ। प्राधिकरणले एनभीभीएनसँगै अहिले ढल्केबर-मुजफ्फपुरमार्फत नेपाल विद्युत भित्रयाइरहेको छ। ७ सय मेगावाटको माथिल्लो अरूण र ८ सय मेगावाट क्षमताको दूधकोसी जलविद्युत आयोजनाबाट उत्पादित विद्युत बिक्रीका लागि भारतीय संस्थासँग समझदारी गर्न लागिएको हो। ऊर्जा जलस्रोत तथा सिँचाइमन्त्री वर्षमान पुनले दुवै आयोजनाबाट उत्पादित विद्युत बिक्रीका लागि भारतीय पक्षसँग एक महिनाभित्र समझदारी हुने बताए। नेपालमा बन्ने आयोजनाबाट उत्पादित विद्युत् किनेर बंगलादेशलाई बिक्री गर्ने योजनासहित एनभीभीएनले किन्न लागेको बताइएको छ। बंगलादेशले भारतीय कम्पनीले निर्माण गर्ने ९ सय मेगावाटको विद्युत् किन्ने गरी एनभीभीएनसँग समझदारी गरिसकेको छ। उक्त समझदारीअनुसार माथिल्लो कर्णाली जलविद्युत् आयोजनाले उत्पादन गर्ने ५ सय मेगावाट विद्युत् एनभीभीएनले खरिद गर्नेछ र सोही विद्युत बंगलादेशलाई बिक्री गर्नेछ। बंगलादेशले दुई साताअघि मात्रै नेपालबाट सन् २०४० सम्ममा ९ हजार मेगावाट विद्युत् खरिद गर्ने योजना सार्वजनिक गरेको थियो। नेपाल र बंगलादेशबीच विद्युत् व्यापारका लागि भारतीय भूमि वा प्रसारण प्रणाली प्रयोग अनिवार्य छ।

## आर्थिक समाचार

### एनसेलद्वारा नगद पुरस्कार वितरण

काठमाडौं। एनसेल प्राईभेट लिमिटेडले नजिकिदै गरेको चाडपर्वको अवसरमा ल्याएको आकर्षक 'रिचार्ज एण्ड विन' अफर अर्न्तगत दोस्रो हप्ताका विजेताहरूलाई नगद पुरस्कार हस्तान्तरण गरेको छ। 'रिचार्ज एण्ड विन' १० हप्ता सम्ममा संचालनमा रहने अफर हो। दोस्रो हप्ताका विजेताहरू मंगलबार (असोज २ गते) एपि वान टेलिभिजनमा प्रत्यक्ष प्रशारण गरिएको लाईभ ड्र कार्यक्रम मार्फत छानिएका हुन्। दोस्रो हप्ताका १० भाग्यशाली विजेता ग्राहकहरू मध्ये दुई जनाले असोज ४ गते (बिहिबार) जनही नगद रू एक लाख पुरस्कार ग्रहण गरेका छन्। दोस्रो हप्ताका अन्य आठ विजेताहरूको पहिचान तथा प्रमाणित गर्ने काम भई रहेको छ र सो प्रक्रिया समापन भए लगतै काठमाडौं लगायत उपत्यका बाहिर अवस्थित एनसेल सेन्टरहरूबाट विजयीहरूलाई नगद पुरस्कार प्रदान गरिनेछ। एनसेलका चिफ स्ट्राटिजी अफिसर इरविन एम. युसुफले काठमाडौंमा आयोजित एक कार्यक्रम माझ दोस्रो हप्ताका दुई विजयीहरू -- नुवाकोटका कृष्णा कुमारी थापा र तनहुँका अर्जुन परियार -- लाई बिहिबार जनही रू एक लाख नगद पुरस्कार प्रदान गरेका हुन्। सोही कार्यक्रममा युसुफले पहिलो हप्ताका अन्य तीन जना भाग्यशाली विजयी ग्राहकहरूलाई पनि नगद पुरस्कार प्रदान गरेका छन्। धादिङ्गका रामहरी अर्याल, चितवनका राज कुमार गुरङ्ग र कुशल गुरूङ्गले पहिलो हप्ता अर्न्तगत जनही रू एक लाख जितेका थिए। 'रिचार्ज एण्ड विन' अफर भाद्र १७ गतेबाट संचालनमा रहेको छ। यस योजनामा सप्ताहभर रू १०० वा सो भन्दा बढी रिचार्ज गर्ने एनसेलका सम्पूर्ण प्रिपेड तथा पोस्टपेड ग्राहकले आकर्षक नगद पुरस्कार जित्ने अवसर प्राप्त गर्दछन्। यो योजना अर्न्तगत प्रत्येक हप्ता १० जना विजयी ग्राहकले जनही खुद रू एक लाख नगद पुरस्कार पाउँछन्। नगद पुरस्कारमा लाग्ने कर कम्पनीले नै व्यहोर्दछ।

### सिटिजन्स्को एटीएम चोभारमा

काठमाडौं। सिटिजन्स् बैंङ्क इन्टरनेसनल लिमिटेडले काठमाडौंको चोभारमा रहेको सशस्त्र प्रहरी बरको कार्यलय नजिकै एटीएम सेवा सञ्चालनमा ल्याइको छ। काठमाडौं क्षेत्र नं.१० का सभासद् राजन केसी, बैंङकका सहायक प्रमुख कार्यकारी अभिकृत बोधराज देवकोटा र ब्रान्ड एम्बेसडर तथा राष्ट्रिय क्रिकेट टिमका उपकप्तान ज्ञानेन्द्र मल्लले एक समारोहका बीच संयूक्त रूपमा उक्त सेवाको सुरूाको गर्नुभएको छ। समारोहमा स्थानीय निकायका प्रतिनिधि, सशस्त्र प्रहरीका अभिकृत तथा जवान, उधोगी, व्यापारी, विभिन्न सङ्घ संस्थाका प्रमुख तथा नागरिक समाजका अगुवाको उपस्थिति रहेको थियो।

### प्राइम बैंक जनकपुरमा

जनकपुर। प्राइम कमर्सियल बैंङ्कले प्रदेश नं.२ को राजधानी जनकपुरधाममा आफ्नो शाखा विस्तार गरेको छ। जनकपुरधाममा उपमहानगरपालिका २ को शिवचोकमा शाखा कार्यलयको नेपाल राष्ट्र बैंङ्कका कार्यकारी निर्देशक महेश्वर लाल श्रेष्ठले उद्घाटन गरेका थिए। उद्घाटन कार्यक्रममा बोल्दै कार्यकारी निदेशक श्रेष्ठले प्रदेश २ को विकासका लागी यहाँको सेवमग्राहीको भावनाल अनुसार बैंङ्कले काम गर्नुपर्ने धारण राखेका थिए। यस क्षेत्रको जनताको जीवनस्तर उकास्नका लागि प्राइम कमर्सियल बैंङ्कले नयाँ नयाँ सिक्कम ल्याएर कामकाज गर्नुपर्ने धारणा राखेका थिए। कार्यक्रममा प्राइम कमर्सियल बैंङ्कका सीइओ नारायणदास मानन्धरले जनकपुरमा विस्तार गरिएको बैंङ्कको शाखाले यस क्षेत्रका विपन्न वर्गका लागी समेत कामकाज गरिने बताए।









# भारतीय र्‍यापस बादशाहको प्रस्तुति भोली

काठमाडौं। १४ औं दरबारमार्ग स्ट्रिट फेस्टिभल शनिवार हुने भएको छ। टीभीएस मोटर्स इन्डिया र जगदम्बा मोटर्स नेपालको सहकार्य सुरू भएको तीन वर्ष पुगेको उपलक्ष्यमा फेस्टिभल हुने भएको हो। कार्यक्रममा भारतीय र्‍यापस किङ्ग बादशाहले लाईभ पफर्मेन्स गर्नेछन्। कार्यक्रममा नेपालका चर्चित कलाकारहरूको पनि प्रस्तुती रहने छ। कार्यक्रममा टीभीएस एनटर्कका पहिलो ५० जना ग्राहकहरूले बादशाहसँग भेट्ने अवसर प्राप्त गर्नेछन्।

**मधेशवाणी प्रा.लि.**द्वारा प्रकाशित, सम्पादक : **राजेश अहिराज**, कार्यकारी सम्पादक : **रामसुकुल मण्डल**, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ४२६६१४२, ४२६६१४१, फ्याक्स : ४२६६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : **धिम्ले अफसेट प्रेस**, काठमाडौं